मिनर्वा
Minerva English School
Ram Mandir-4, Bhaktapur

VACANCY ANNOUNCEMENT

Minerva English School, is looking for young, motivated and energetic individual, who is willing to learn and grow as professional for following posts for the academic year 2082 / 2083.

| S.N | Position | Level | No. | Time | Qualification |
|---|---|---|---|---|---|
| 1. | English | Lower Secondary Teacher | 1 | Full | Bachelor |
| 2. | Health | Lower Secondary Teacher | 1 | Full | Bachelor |

Please apply with updated C.V and credentials.
Contact : 9841393644 , 9843169192

01 6612894 mesbkt@gmail.com
www.facebook.com/mesbkt or Minerva English School
www.Youtube.com/@minervaenglishschoolramman1093

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ५२ ★ ने. सं. ११४६ चिल्ला गा, द्वादशी ★ सोमबार ★ २ चैत, २०८२ ★ March 16, 2026, Monday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

# ‘समान शिक्षा र समान व्यवहार’ आजको आवश्यकता




भक्तपुर, १ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शैक्षिक क्षेत्रको विकासबिना कुनै पनि समाजको प्रगति सम्भव नभएको बताउँदै शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको भौतिक पूर्वाधारको विकास, अनुभवी शिक्षक, अनुशासित विद्यार्थी र सहयोगी अभिभावकको खाँचो रहेको औँल्याउनुभयो ।

हिमालयन ग्लोरी इङ्गलिस स्कूलको आयोजनामा भएको अभिभावक दिवस, विद्यार्थी–शिक्षक सम्मान, पुरस्कार वितरण समारोह तथा सांस्कृतिक कार्यक्रममा बोल्दै उहाँले समाज परिवर्तनको निम्ति भक्तपुरका अग्रजहरूको योगदान सदा स्मरणीय रहने बताउँदै भक्तपुर नपाले विद्यार्थीको पठन संस्कृति विकासको लागि स्तरीय जनज्योति पुस्तकालय सञ्चालनमा ल्याएको बताउनुभयो ।

‘समान शिक्षा र समान व्यवहार’ आजको आवश्यकता हो भन्दै प्रमुख प्रजापतिले नयाँ पुस्तालाई प्रतिस्पर्धी भावनाको विकास गराई देश निर्माणमा सहभागी गराउनुपर्ने बताउनुभयो ।

भक्तपुरका सामुदायिक र निजी विद्यालयहरूले गुणस्तरीय शिक्षामा प्रतिस्पर्धा गरिरहेको बताउँदै उहाँले शैक्षिक क्षेत्रमा बन्द र हडताल हुनु भनेको ‘बुद्धिमा बिर्को लगाउनु’ जस्तै हो भन्नुभयो ।

कार्यक्रममा इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले पठन संस्कृति विद्यार्थी, शिक्षक र अभिभावकमा हुनुपर्ने महत्त्वपूर्ण गुण हो; यसले पेसागत र व्यवहारिक जीवनमा सकारात्मक भूमिका खेल्ने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल कृष्णराम त्वानाबासुले विद्यालयको प्रमुख उद्देश्य दक्ष जनशक्ति उत्पादन गरी विद्यार्थीलाई नैतिकता, अनुशासन र समय सापेक्ष सीप प्रदानमा विद्यालयले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य रवीन्द्र खर्बुजाले भक्तपुरले शिक्षा क्षेत्रमा गरेको लगानीको प्रतिफल समाज विकासमा देखिन थालेको बताउँदै नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले देशभरिकै विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

पुँजीवादी व्यवस्थाले बहुमत जनताको हितमा काम नगर्ने बताउँदै उहाँले समाजवादी व्यवस्थाले मात्रै जनताको समस्या समाधान गर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशराम वैद्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षिका पुष्पा प्रजापति, राधिका प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

# पहाडजस्तै स्थिर चीन विश्वको लागि वरदान




पेइचिङ, १५ मार्च (सीआरआई) । यस वर्षको सुरूमा, विश्व आर्थिक मञ्च र म्युनिख सुरक्षा सम्मेलनले एकपछि अर्को गरी चेतावनी जारी गर्दै ‘अनिश्चितता’ विश्वले सामना गरिरहेको एक नियमित जोखिम बनेको र युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्था प्रभावित भइरहेको बताएका छन् । यस्तो पृष्ठभूमिमा दुई अधिवेशनको अवधिमा चिनियाँ परराष्ट्र मन्त्रीको प्रेस सम्मेलनले धेरै ध्यान आकर्षित गरेको पाइन्छ । यो पत्रकार सम्मेलनमा २१ प्रश्नमार्फत अशान्त विश्वमा चीनको स्थिति र कार्यलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

प्रभुत्वको उदय र अन्तर्राष्ट्रिय विधिको शासनको प्रभावको सामना गर्दै, चीनको स्पष्ट धारणा छ: शक्तिको तर्कको विरोध गर्दछ, ‘ठूला शक्तिको सह-शासन’ सँग सहमत छैन र संयुक्त राष्ट्र सङ्घको मूल स्थिति र दोस्रो विश्व युद्धको विजयको दृढताका साथ रक्षा गर्दछ । चीनले सार्वभौमसत्ताको समानता र अन्तर्राष्ट्रिय विधिको शासनलाई केन्द्रमा राखेर विश्वव्यापी शासनको वकालत गर्दछ, जसलाई संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विश्वका १५० भन्दा बढी देशहरूले मान्यता दिएका छन् । व्यवहारमा, चीनले क्षेत्रीय द्वन्द्वमा मध्यस्थता गर्न अन्तर्राष्ट्रिय मध्यस्थता अदालतको स्थापनालाई बढावा दिएको छ, इरानजस्ता चर्का मुद्दाहरूमा युद्धविरामको लागि आह्वान गरेको छ र मध्यस्थताका लागि विशेष दूतहरू पठाएको छ र कार्यहरूको माध्यमबाट आफ्नो स्थिर शक्ति प्रदर्शन गरिरहेको छ ।


साझा विकासको प्रवर्द्धनको क्षेत्रमा, चीनले संरक्षणवादको दृढतापूर्वक विरोध गर्दछ र समावेशी आर्थिक विश्वव्यापीकरणको अभ्यास गर्दछ । बितेका पाँच वर्षमा चीनको अर्थतन्त्र औसत वार्षिक ५.४ प्रतिशतले वृद्धि भएको छ, जसले विश्वव्यापी वृद्धिमा करिब ३० प्रतिशत योगदान गरेको छ, जुन जी-७ को संयुक्त अर्थतन्त्रभन्दा बढी हो । भविष्यमा १५ औँ पञ्चवर्षीय योजनामार्फत चीनले ‘विश्व कारखाना’ लाई बलियो बनाउने मात्र नभई ‘विश्व बजार’ को विस्तार गर्ने उच्चस्तरीय खुलापनलाई निरन्तरता दिँदै जानेछ ।

नयाँ वर्षमा, चीनका सर्वोच्च नेताले

**बाँकी पृष्ठ ८ मा**

# देशलाई माया गर्ने देशभक्त नागरिक उत्पादन गर्नुपर्नेमा जोड

काठमाडौँ, १ चैत । काठमाडौँ जिल्लाको तारकेश्वर नगरपालिका वडा नं. ७ मा अवस्थित महालक्ष्मी इङ्ग्लिस हाइस्कूलले आफ्नो स्थापनाको ३३ औँ वार्षिक उत्सव तथा १३ औँ अभिभावक दिवस शनिबार सम्पन्न भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले शिक्षा क्षेत्रमा विद्यालयले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै देशमा भएको प्राकृतिक स्रोत र साधनको उपयोग गर्न नसकेको कारण आज नेपालीहरूले ग्यास अभावको समस्या झेलिरहनुपरेको बताउनुभयो । उहाँले देशमा भएको जलस्रोतको उपयोग गर्न सकेको भए खाना पकाउने ग्यास, सवारी साधनमा आवश्यक पर्ने इन्धन कुनै कुराको अभाव नहुने बताउनुभयो ।

विद्युतीय गाडीहरू उपयोग गर्न सकेमा एकातिर इन्धनमा खर्च हुने पैसा बचत हुने र अर्कोतिर वातावरण सुरक्षित रहने उल्लेख गर्दै उहाँले देशको माटो चिन्न सक्ने देशभक्त नागरिकको आवश्यकता परेको हुँदा विद्यालयले देशलाई माया गर्ने देशभक्त नागरिक उत्पादन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका निवर्तमान अध्यक्ष महाश्रम शर्माले जीवनलाई मूल्यवान बनाउन, समाज परिवर्तन गर्न र नेतृत्व विकास गर्न विद्यालय शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् विद्यालयका संस्थापक सनकमान महर्जनले विद्यालयमा आयोजना गरिने अभिभावक दिवस र सांस्कृतिक कार्यक्रम विद्यालयको उन्नति, प्रगति तथा भविष्यका कार्ययोजनाहरू तय गर्ने, विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरूका साथै अभिभावकहरूको सल्लाह, सुझाव

**बाँकी पृष्ठ ८ मा**

भक्तपुर नगरपालिकाद्वारा संचालित

ख्वप कलेज अफ इन्जिनियरिङ्ग
लिवाली, भक्तपुर–८

पदपूर्ति सम्बन्धी सूचना

*प्रकाशित मिति २०८२/१२/०२*

यस कलेजको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा मासिक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रका प्रतिलिपिहरु र हालसालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटोसहित कलेजबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित मितिले सात (७) दिनभित्र यस कलेजमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको आवेदनउपर कुनै कारवाही हुनेछैन ।

| विज्ञापन नं. | पद | स्तर/तह | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता | विशेष ग्राह्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| २/०८२/०८३ | जिन्सी सहायक | सहायकस्तर, चौथो तह | १ | एस.इ.इ वा सो सरह | अनुभवी, कम्प्युटर सम्बन्धी ज्ञान भएको | ४००/– | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |
| ३/०८२/०८३ | कार्यालय सहयोगी | श्रेणीविहीन | १ | साधारण लेखपढ | अनुभवी, सम्बन्धित काममा विशेष दख्खल भएको । | १००/– | प्रयोगात्मक र अन्तर्वार्ता |

**पुनश्च :**
उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।
तलब र सुविधा : कलेजको निर्णय अनुसार
आवेदन फारम : रु. २५।– तिरी कलेज प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
फारम लिने/बुझाउने समय : बिदाको दिन बाहेक अन्य दिन बिहान १०:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म ।
सम्पर्क मिति र समय : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

विस्तृत जानकारीको लागि सम्पर्क
ख्वप कलेज अफ इन्जिनियरिङ्ग
लिवाली, भक्तपुर–८ | फोन ५१२२०९४, ५१२२०९८ | Email:info@khwopa.edu.np | Website:www.khwopa.edu.np



**भित्तामा चित्र कोर्दै विद्यार्थी :**
काठमाडौँको विद्यालयमा सञ्चालित शिक्षामा सीप कार्यक्रमअन्तर्गत भित्तामा चित्र कोर्दै विद्यार्थी । काठमाडौँ महानगरपालिका र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको संयुक्त सहकार्यमा उक्त कार्यक्रम यहाँ चलिरहेको छ । विद्यार्थीहरुले भित्तेकला, चित्रकला र मूर्तिकला सिकिरहेका छन् । *तस्बिर: नारायण ढुङ्गाना/रासस*

# माविस्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न

भक्तपुर, १ चैत । सार्वजनिक माध्यमिक विद्यालय, संयुक्त परीक्षा समिति, भक्तपुरको वार्षिक क्यालेन्डरअनुसार पञ्चकन्या माध्यमिक विद्यालय, सुडालको आयोजनामा निबन्धलेखन प्रतियोगिता आइतबार सम्पन्न भयो ।

कार्यक्रममा सार्वजनिक मा.वि., संयुक्त परीक्षा समिति, भक्तपुरका अध्यक्ष एवम् शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक रोशनराज तुईंतुईंले वार्षिक क्यालेन्डरअनुसार निर्धारित सम्पूर्ण कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएको र यसका लागि आवश्यक संयोजन तथा सफल आयोजना गर्ने सबै विद्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

संयुक्त परीक्षा समितिबाट आयोजना गरिने यस्ता अतिरिक्त क्रियाकलापबाट राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन भइसकेको तथ्य पनि उहाँले सगर्व सुनाउनुभयो ।

वागीश्वरी मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले समितिका कार्यक्रमहरू प्रतिस्पर्धा गर्ने थलो मात्र नभई मित्रता, अनुशासन र पहिचान साटासाट गर्ने मञ्च पनि भएको तर्क राख्नुभयो ।

बासु मा.वि.का प्रधानाध्यापक रविलाल प्रधानले सहकार्य, सद्भाव र समझदारीमा कार्यक्रमहरू हुँदै आएको कुरा राख्नुभयो ।

सभापतिको आसनबाट आयोजक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद दुलालले प्रतियोगिता हारजितभन्दा पनि त्यसमा सहभागी हुनु नै महत्वपूर्ण हुने कुरा राख्दै सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।

विद्यालयका सहायक प्रधानाध्यापक प्रकाश तजलेले स्वागत गर्नुभएको कार्यक्रममा प्राविधिक रूपले शिक्षक सुनिल कोजुले साथ दिनुभएको थियो । शिक्षकद्वय सुशीला बानियाँ र सुनिता कार्कीले अतिथि सत्कार तथा पुरस्कार व्यवस्थापनमा सहयोग गर्नुभयो ।




आत्मपरक र वस्तुपरक विषय दिइएको निबन्ध लेखन प्रतियोगितामा गोलाप्रथाद्वारा छात्रालाई आत्मपरक निबन्ध र छात्रालाई वस्तुपरक निबन्ध परेको थियो । आत्मपरक निबन्ध अन्तर्गत "मैले सोचेको पुगने भए..." शीर्षक र वस्तुपरक निबन्धअन्तर्गत "प्राविधिक शिक्षा आजको आवश्यकता" शीर्षक रहेको प्रतियोगितामा मूल्याङ्कनका लागि दुईवटा छुट्टाछुट्टै निर्णायक समिति बनेको थियो । जसमा छात्र निबन्ध मूल्याङ्कनमा चन्द्रशोभा खर्बुजा, लक्ष्मी सुवेदी र रामलक्ष्मी अवालको मूल्याङ्कन समिति र छात्रा निबन्ध मूल्याङ्कनमा कपिल के.सी., रञ्जना गिरी र तुलसी कठायतको मूल्याङ्कन समिति रहेको थियो ।

प्रतियोगितामा छात्रतर्फ देवी मा.वि.का ईसब खड्का प्रथम, शाारदा मा.वि.का हरि थापा मगर द्वितीय, गणेश मा.वि. छालिङका देवप्रकाश जैसी तृतीय र भुवनेश्वरी मा.वि.का सुमन मानन्धर सान्त्वना हुन सफल भए भने छात्रातर्फ विद्यार्थी निकेतन मा.वि.का मनिषा तामाङ प्रथम, वागीश्वरी मा.वि.का सुबिना श्रेष्ठ द्वितीय, गणेश मा.वि. छालिङका दिव्या सिन्केमनी तृतीय र सरस्वती विद्यागृह मा.वि. का निलम शाही सान्त्वना हुन सफल भए ।

विजयी हुने सबैलाई अतिथिहरू रोशनराज तुईंतुईं, रविलाल प्रधान, कृष्णप्रसाद कर्माचार्य र सभापति एवम् नारायणप्रसाद दुलालले पुरस्कार, प्रमाण-पत्र, मेडल र टीकाले सम्मान गर्दै विजयी सम्पूर्णमा समाज, राष्ट्र र जनहितमा सकारात्मक सन्देशसहितको लेखमा निरन्तरता दिइरहन सकोस् भन्ने शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्नुभयो ।

# पश्चिम क्षेत्रबाट वर्षा सुरु, वर्षा गराउने प्रणाली पूर्वतर्फ सर्दै

काठमाडौँ, १ चैत । नेपालको पश्चिम क्षेत्रबाट आइतबार बिहानैदेखि वर्षा सुरु भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले पश्चिमबाट सुरु भएको वर्षा विस्तारै पूर्वतर्फ सर्दै गएको हो ।

विभागका सूचना अधिकारी दिनकर कायस्थले पश्चिम नेपालको डडेलधुरा, डोटी, अछाम, बाजुरा, बझाङ गुल्मी, कास्की, तनहुँ, पाल्पा, अर्घाखाँची, मनाङलगायत क्षेत्रमा आइतबार बिहानैदेखि वर्षा भइरहेको जनाउँदै वर्षा गराउने उक्त प्रणाली अहिले चितवनसम्म आइपुगेको बताउनुभयो ।

विभागको मौसम पूर्वानुमान महाशाखाले पश्चिमबाट सुरु भएको वर्षा पूर्वतर्फ सर्दै गएको जनाएको छ । पछिल्लो एक घण्टामा गुल्मीमा १७ र तनहुँमा ११ मिलिमिटर वर्षा भएको जनाउँदै कायस्थले आइतबार दिउँसो पनि वर्षा भइरहेको उल्लेख गर्नुभयो ।

हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव रहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो । उहाँका अनुसार हाल मधेस, वाग्मती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतया बादल लागेको छ भने कोसी र गण्डकी प्रदेशमा आंशिक बादल लागेको छ ।

तराई र उपत्यकाका केही स्थानमा हुस्सु लागेको विभागले जनाएको छ । विभागद्वारा आइतबार जारी मौसमसम्बन्धी बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशसहित कोसी र वाग्मती प्रदेशकापहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने तथा बाँकी भूभागमा आंशिक बादल लाग्ने जनाइएको छ ।

देशका हिमाली क्षेत्रका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षा हुनुका साथै थोरै क्षेत्रमा हिमपातको सम्भावना रहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो ।

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका केही स्थानमा, कोसी, वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार अझै केही दिन बदली कायम रहनेछ । **(रासस)**

# झीगु ख्वप साकोसको अर्धवार्षिक समीक्षा

भक्तपुर, १ चैत । झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा संस्थाको अर्धवार्षिक समीक्षा कार्यक्रम एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले संस्थाले आर्थिक कारोबारको साथै नयाँ-नयाँ कार्यक्रमहरू ल्याउन सकेमा सदस्यहरू संस्थाप्रति आकर्षित हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले नि:स्वार्थरूपमा देश र जनताको सेवा गर्दै आएकोले सहन नसकेर पुँजीवादी पार्टीहरू सबै मिलेर नेमकिपालाई प्रतिनिधिसभाको चुनावमा पराजित गरेको हो । चुनावमा हारजित स्वाभाविक हो । देश र जनताको हितको निम्ति सधैँ सङ्घर्ष गरिरहनुपर्छ ।"

उहाँले विगतमा अग्रज किसान कार्यकर्ताहरूले सङ्घर्ष गरेर मोहीयानी हक कायम भएकोले आजका नयाँ पुस्ताले सुख, सुविधा र पढ्न लेख्न पाएको उल्लेख गर्दै यो गुणलाई नयाँ पुस्ताले बिर्सन नहुने विचार व्यक्त गर्नुभयो ।

संस्थाका संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले पारदर्शिताले समझदारी बढाउने बताउँदै संस्था विकासको लागि सबैको साथ र सहयोग अपरिहार्य हुने औँल्याउनुभयो । उहाँले साथीहरूबिच चित्त नबुझेका कुरा भएमा आलोचना आत्मालोचना गरेर सौहार्दपूर्ण वातावरण सृजना गर्नसक्ने बताउनुभयो ।

सल्लाहकार नाति कवांले नेमकिपाले प्रकाशन गरेका पुस्तकहरूको अध्ययन, छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेर राजनैतिकरूपमा सचेत र सङ्गठित हुनु आजको आवश्यकता हो भन्नुभयो ।

सल्लाहकार विश्वराम कवांले ऋण लगानी र ऋण असुलीमा विशेष ध्यान पुऱ्याउनुपर्ने बताउँदै संस्थाको विकासको लागि कर्मचारीहरूको अहम् भूमिका हुने भएकोले कर्मचारीहरू अनुशासित, कर्तव्यनिष्ठ एवम् इमानदारीपूर्वक आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने सुझाव दिनुभयो ।

संस्थाका कोषाध्यक्ष विष्णुप्रसाद किसीले २०८२ साल साउनदेखि पुस मसान्तसम्मको संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

संस्थाका अध्यक्ष नारायणप्रसाद कवांको सभापतित्वमा भएको सो अर्धवार्षिक समीक्षा कार्यक्रममा उपाध्यक्ष पुण्यराम कवां, आशाकुमार चिकंब्ज्जार र व्यवस्थापक तुल्सीराम ग्वाछाले पनि बोल्नुभयो ।

# क्रिकेट खेलमा काठमाडौँ जिल्ला ७९ रनले विजयी

काठमाडौँ, १ चैत । पीएम कप वाग्मती प्रोभिन्स मिन्स वन डे प्रोभिन्स सेलेक्सन टुर्नामेन्टअन्तर्गत भएको खेलमा काठमाडौँ जिल्ला ७९ रनले विजयी हुन सफल भएको छ । अपर मूलपानी क्रिकेट मैदानमा सम्पन्न खेलमा काठमाडौँले ललितपुर जिल्लामाथि प्रभावशाली जित हासिल गरेको हो ।

टस जितेर पहिले ब्याटिङ रोजेको काठमाडौँ जिल्लाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २८१ रनको बलियो योगफल बनायो । काठमाडौँका लागि सोनु देवकोटाले ५७ बलमा ७२ रन तथा उत्तम थापा मगरले ८२ बलमा ७१ रनको महत्त्वपूर्ण योगदान दिनुभयो । ललितपुरका बलर पङ्कज पाण्डेले २ विकेट लिनुभयो भने सदित्या बन्जाराले १ विकेट हात पार्नुभयो ।

२८२ रनको लक्ष्य पछ्याएको ललितपुर जिल्ला ३५.४ ओभरमा २०२ रनमै अलआउट भयो । ललितपुरका विवेक राना मगरले ७२ बलमा ८८ रन तथा आशुतोष घिरैयाले ३९ बलमा ५१ रन बनाए पनि टोलीलाई जित दिलाउन सक्नुभएन ।

यो जितसँगै काठमाडौँ जिल्ला ७९ रनले विजयी भयो । उत्कृष्ट प्रदर्शनका लागि सोनु देवकोटा 'प्लेयर अफ द म्याच' घोषित हुनुभयो ।

क्रिकेट प्रतियोगितामा काठमाडौँले ब्याटिङ र बलिङ दुवै क्षेत्रमा सन्तुलित प्रदर्शन गर्दै महत्त्वपूर्ण जित हात पारेको हो ।

क्रिकेट सङ्घ काठमाडौँका सचिव किरण राणाले फाइनलसम्म आफ्नो टिम पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो । काठमाडौँ क्रिकेट सङ्घलाई स्पोन्सर गरेको नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत आफूले साथ दिएको टीमले विजयी हासिल गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

# ग्लिटर फ्युचरको आयोजनामा नेसनल प्याक्सनको वादविवाद सम्पन्न

भक्तपुर, १ चैत । नेसनल प्याक्सन भक्तपुरको कार्यक्रम ग्लिटर फ्युचर स्कूलको आयोजनामा शुक्रबार अन्तर-विद्यालय वादविवाद प्रतियोगिता भव्यताका साथ सम्पन्न भयो ।

ग्लिटर फ्युचर स्कूलका प्रिन्सिपल एवं नेसनल प्याक्सन भक्तपुरका उपाध्यक्ष रामप्रसाद खाताखोको सभापतित्वमा सम्पन्न अन्तरविद्यालय वादविवाद प्रतियोगितामा नेसनल प्याक्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले आयोजक विद्यालयलाई धन्यवाद व्यक्त गर्दै विजेता विद्यार्थीहरूलाई पुरस्कृत गर्नुभयो ।

प्रतियोगितामा मदरल्याण्ड स्कूलका समृद्धि कपाली कक्षा ७ को श्रेणीबाट विजेता बन्न सफल भएको थियो । पहिलो उपविजेता बिमल मेमोरियल स्कूलका प्रविधि खड्का, दोस्रो उपविजेता आरक्षण नेसनल स्कूलका इशानी पुरी र तेस्रो उपविजेता संस्कार गुरुकुल स्कूलका आयुषा पराजुली सफल हुनुभयो ।

वादविवाद प्रतियोगिताको कक्षा ६ तर्फको श्रेणीमा पाथिभरा स्कूलका प्रत्युषा श्रेष्ठ विजेता, पहिलो उपविजेता बिमल मेमोरियल स्कूलका प्रिन्सा देउजा, दोस्रो उपविजेता आरक्षण नेसनल स्कूलका युनिषा खत्री र तेस्रो उपविजेता संस्कार गुरुकुल स्कूलका ऋषभ अधिकारीले उपाधी पाउन सफल हुनुभयो ।

## सङ्क्षिप्त समाचार

# पेट्रोलियम पदार्थको कृत्रिम अभाव गरे कारबाही हुने

मान्म (कालीकोट), १ चैत । जिल्ला प्रशासन कार्यालयले पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको कृत्रिम अभाव सृजना नगर्न व्यवसायी तथा उपभोक्तालाई आग्रह गरेको छ । मध्यपूर्व क्षेत्रमा देखिएको युद्धको असरका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्ति र मूल्यमा प्रभाव पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै प्रशासनले यस्तो सूचना जारी गरेको हो ।

प्रशासनले पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको कारोबार गर्ने डिलर, वितरक तथा व्यवसायीहरूले कृत्रिम अभाव सृजना गर्ने उद्देश्यले अनावश्यक रूपमा मौज्दात गर्ने, लुकाइछिपाइ भण्डारण गर्ने वा बिक्रीवितरणमा अवरोध पुर्याए प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिएको छ ।

त्यस्तै उपभोक्तालाई पनि आवश्यकताभन्दा बढी पेट्रोलियम पदार्थ तथा ग्यास भण्डारण नगर्न आग्रह गरिएको छ । इन्धनको अनावश्यक प्रयोग नगरी मितव्ययी प्रयोग गर्न तथा सम्भव भएसम्म वैकल्पिक ऊर्जाका स्रोत, विशेषगरी विद्युतीय उपकरण (इन्डक्सन चुलोलगायत) प्रयोग गर्न प्रशासनले अनुरोध गरेको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताउनुभयो ।

कानुनविपरीत कृत्रिम अभाव सृजना गर्ने व्यक्ति, फर्म वा संस्थाबारे जानकारी पाएमा सम्बन्धित निकायलाई सूचित गर्न पनि प्रशासनले सबैमा अपिल गरेको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो । *(रासस)*

# रणनीतिक सडक निर्माणले गति लिन नसक्दा स्थानीय मारमा

ढोरपाटन (बागलुङ), १ चैत । बागलुङ-१ अन्तर्गतको रणनीतिक सडकले गति लिन सकेको छैन । साढे दुई दशक अगाडि मार्ग (ट्र्याक) खुलेको सडकको स्तरोन्नतिको काम ४० प्रतिशतमात्र सम्पन्न भएको छ ।

विसं २०५७ मा अदालत चौपारीदेखि गौँडाकोट, तित्याङ हुँदै रायडाँडा जोड्न मार्ग खुलेको सडकको काम अहिलेसम्म आधा पनि पूरा हुन नसकेको हो । सिगाना-तित्याङको कमलडाँडाबाट मार्ग खुलेको सडक अहिले अदालत चौपारीदेखि गौँडाकोट, तित्याङ हुँदै भकुन्डे-रायडाँडा हुँदै बरेङ गुल्मीको शान्तिपुर जोडिएको छ । विसं २०८० चैतमा दुई वर्षमा १५ किलोमिटर सडक कालोपत्र गर्नेगरी बिडारी/तुदी निर्माण कम्पनीले जिम्मा पाएको थियो ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनामार्फत एसियाली विकास बैङ्कको रु. २८ करोड ऋण सहयोगमा यो सडक निर्माणको काम भइरहेको छ । समयमै सडक स्तरोन्नति नहुँदा हजारौँ यात्रुले सास्ती खेप्नुपरेको बागलुङ नगरपालिका-१० का पदमबहादुर थापाले गुनासो पोख्नुभयो ।

भकुन्डे हुँदै रायडाँडा जोड्ने सडको करिब ६ किलोमिटरमा मात्रै नालीको काम भइरहेको छ । बागलुङ नगरपालिकाको सबैभन्दा विकटको बस्ती रायडाँडालाई जोडेको उक्त सडकको कामले गति लिन नसक्दा यात्रा गर्न र सामान ढुवानीमा समस्या भोग्नुपरेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताउनुभयो ।

“गाउँमा बस्ने नागरिकलाई यो सडकका कारण ठुलो समस्या भएको छ । एक डेढ घण्टामा पुग्न सकिने ठाउँमा दुईतीन घण्टा लाग्छ, साँघुरो र अप्ठ्यारो हुँदा दुर्घटनाको जोखिम पनि उस्तै छ ।” *(रासस)*

# एघार महिनामा ६ हजार विपद्का घटना

काठमाडौँ, १ चैत । गत वैशाखदेखि फागुन मसान्तसम्म देशभर कुल छ हजार ७९९ वटा विपद्का घटना भएका छन् । राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ११ महिनामा विपद्मा परेर ४६४ जनाको ज्यान गएको छ । विपद्का कारण ३८ जना बेपत्ता हुँदा एक हजार ८१४ घाइते भएका छन् । विपदका कारण १२ हजार ४५८ घरपरिवार प्रभावित भएको प्राधिकरणले उपलब्ध गराएको विवरणमा उल्लेख छ । प्राधिकरणको विवरणअनुसार सो अवधिमा सबैभन्दा बढी आगलागीका घटना भएका छन् । तीन हजार ३३९ आगलागीका घटना हुँदा ९८ जनाको ज्यान गएको छ ।

सो अवधिमा बाढीका तीन सय १८, पहिरो पाँच सय ९०, भारी वर्षा चार सय २९, चट्याङ तीन सय ६७, सर्पदंश पाँच सय ९२, डढेलो दुई सय ४६ वटा घटना भएका छन् । त्यस्तै, हावाहुरीका दुई सय ९२, जनावर आक्रमण चार सय ८८, लेक लागेका एक सय १९ घटना भए । हिमपहिरोका पाँच, भूकम्प सात, डुङ्गा पल्टेर दुईवटा घटना घटेका छन् । त्यसैगरी, फागुन २९ गते बिहानदेखि ३० गते बिहानसम्म कुल २९ विपद्का घटना भएका प्राधिकरणले जनाएको छ । *(रासस)*

# चितवनमा तोरीको उत्पादन घट्यो

चितवन, १ चैत । जिल्लामा लगाइएको तोरीको उत्पादन घटेको छ । गत वर्षका तुलनामा यस वर्ष प्रतिहेक्टर उत्पादकत्वमा समेत कमी आएको छ । कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ निर्मल पौडेलका अनुसार गत वर्ष प्रतिहेक्टर १.३१ मेट्रिक टन उत्पादकत्व रहेकामा यस वर्ष १.०१ मा झरेको छ । गत वर्ष जिल्लामा १८ हजार ५६५ मेट्रिक टन तोरी उत्पादन भएकामा यस वर्ष १४ हजार ३१५ मेट्रिक टन उत्पादन भएको छ ।

जिल्लामा १४ हजार १७३ हेक्टर क्षेत्रफलमा तोरीखेती गरिँदै आइएको छ । उहाँका अनुसार तोरी उत्पादनमा कमी आउनु बेमौसमी पानी पर्नु प्रमुख कारण हो । यससँगै किसानले दोस्रोपटक तोरी लगाउनुपर्ने बाध्यता आएको थियो । फूल फुल्ने समयमा हुस्सु लाग्नु र तुसारोका कारण पनि तोरीको उत्पादन घटेको हो । चितवनलाई तोरी उत्पादनका लागि महत्त्वपूर्ण जिल्लाका रूपमा लिइँदै आएको छ । नगदे बालीमा पछिल्ला वर्षहरूमा किसानको आकर्षण बढेसँगै तोरी लगाउने किसान पनि बढेका हुन् । विशेषगरी जङ्गली जनावरले तोरीमा क्षति नपुर्याउने भएकाले यसतर्फ किसानको आकर्षण बढेको उहाँको भनाइ छ । *(रासस)*



**सङ्घीय संसद् भवन तीव्रगतिमा निर्माण हुँदै :** सिंहदरबार परिसरभित्र निर्माण हुँदै गरेको सङ्घीय संसद् भवन । सो भवनमा आगामी संसद्को अधिवेशन सञ्चालन गर्ने भएकाले तीव्रगतिमा काम हुँदै छ । *तस्बिर: रत्न श्रेष्ठ/रासस*


# अभियान साकोस

कमलविनायक-९, भक्तपुर, फोन नं. ०१-६६१०१४६

## ऋण कर्जा चुक्ता भुक्तान गर्नेसम्बन्धी ७ दिने सूचना

यस संस्थाबाट तपसिलमा उल्लेख अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएका तपसिलका ऋणी सदस्यले ऋणको सावाँ, ब्याज र हर्जनासमेत नतिरी/नबुझाई लिखतअनुसारको ऋणसम्बन्धी सर्तहरू पटक-पटक उल्लङ्घन गरेकोले बारम्बार लिखित तथा मौखिक तारताकेता गर्नका साथै मिति २०८२ असार २३ गतेका दिन राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउनेबारेको सूचना र २०८२ मङ्सिर ८ गते ७ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दासमेत आफूले बुझाउनुपर्ने ऋणको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको सर्त, कबुलियत, तमसुकबमोजिमको धितोको सम्पत्ति जे जस्तो छ, सोही अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियमअनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिन इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | जमानीकर्ताहरूको विवरण | |
|---|---|---|---|
| <br>**नाम** : बाटुलीदेवी खड्का<br>**ना.प्र.प.न.** : १३/०४५-०४६<br>**जारी मिति** : २०४६/०२/३१<br>**जारी स्थान** : भक्तपुर<br>**बाबुको नाम** : पदमबहादुर खत्री<br>**बाजेको नाम** : चित्रबहादुर खत्री<br>**श्रीमान्को नाम** : भिमबहादुर खड्का | १. ऋणीको संयुक्त नाममा मालपोत कार्यालय भक्तपुर, चाँगुनारायण न.पा., सुडाल साबिक वडा नं. ५ (ख) हाल वडा नं. ८ को कित्ता नं.४४४ क्षेत्रफल ०-४-३-० को घर जग्गासमेत । | <br>**नाम** : भगवान खड्का<br>**ना.प्र.प.न.** : ९७९८५<br>**जारी मिति** : २०५४/१२/२६<br>**जारी स्थान** : भक्तपुर<br>**बाबुको नाम** : भिमबहादुर खड्का<br>**बाजेको नाम** : ठुलो अकलबहादुर खड्का<br>**श्रीमतीको नाम** : कल्पना खड्का | <br>**नाम** : ईश्वर खड्का<br>**ना.प्र.प.न.** : २५७६७<br>**जारी मिति** : २०५६/१०/२०<br>**जारी स्थान** : भक्तपुर<br>**बाबुको नाम** : भिमबहादुर खड्का<br>**बाजेको नाम** : ठुलो अकलबहादुर खड्का |
| <br>**नाम** : बसन्तबहादुर राई<br>**ना.प्र.प.न.** : २१२३५/१११३<br>**जारी मिति** : २०५५/०७/२५<br>**जारी स्थान** : ओखलढुङ्गा<br>**बाबुको नाम** : बडा सिं राई<br>**बाजेको नाम** : प्रतिलाल राई<br>**श्रीमतीको नाम** : अष्तुकुमारी राई | १. प्रतिलाल राईको नाति बडा सिं राईको छोरा, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा., सुडाल वडा नं ५ मा रहेको बसन्तबहादुर राईको नाममा मालपोत कार्यालय भक्तपुर, चाँगुनारायण न.पा., सुडाल वडा नं. ५(क) साबिक कित्ता नं. ५०६ को ०-०-०-१ र साबिक किब नं. ४६७ को क्षेत्रफल ०-३-२-१ को घर जग्गासमेत । | <br>**नाम** : अष्तुकुमारी राई<br>**ना.प्र.प.नं.** : ६२८००/१०६८७<br>**जारी मिति** : २०६२/०९/२१<br>**जारी स्थान** : ओखलढुङ्गा<br>**बाबुको नाम** : कुम्भशेर राई<br>**ससुराको नाम** : बडा सिं राई<br>**श्रीमानको नाम** : बसन्तबहादुर राई | <br>**नाम** : अविन कुमार राई<br>**ना.प्र.प.नं.** : ५००६७/५६८<br>**जारी मिति** : २०५९/०९/०९<br>**जारी स्थान** : ओखलढुङ्गा<br>**बाबुको नाम** : बडा सिं राई<br>**बाजेको नाम** : प्रतिलाल राई<br>**श्रीमतीको नाम** : रन्जना सुनुवार |

**लिलाम बिक्रीका सर्तहरूः**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले नगद धरौटी बापत तुरून्तै (डाक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनुपर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनुपर्नेछ । नबुझाएमा त्यसपछि दोस्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुरबापतको रकम सबै आफैले व्यहोर्नुपर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा संरक्षित रहनेछ ।
६. घर जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गा धनी वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनुपर्नेछ । तर, निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो सम्पत्ति सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान**

**लिलाम हुने मिति** : २०८२/१२/०८ गते, सोमबार
**समय** : दिउँसो १:०० बजे
**स्थान** : संस्थाको कार्यालय, कमलविनायक-९, भक्तपुर ।

। सम्पादकीय ।

# विज्ञहरूको सरकार बन्ला ?

देशलाई जोगाउनु र बनाउनु आजको मूलभूत आवश्यकता हो । देश जोगाउन र बनाउन देशभक्त दल र परिवर्तनकामी शक्तिको खाँचो हुन्छ । देशलाई कुनै पनि हालतमा विखण्डित बनाउने, विखण्डित बनाउन पूर्वाभ्यास गर्ने दल र नेताहरूदेखि देशका व्यापक जनता र परिवर्तन चाहने शक्ति सचेत हुनुपर्छ । जति जति देशमा विदेशी शक्तिको चलखेल र हस्तक्षेप हुन्छ त्यति त्यति नै देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुऱ्याउने काम होला कि भन्ने डर हुन्छ । विदेशी शक्ति राष्ट्रहरूको चलखेलमा रमेरै संविधानसभा निर्वाचनताका देशका कति दलका नेताहरूले देशलाई विखण्डित बनाउने धम्की दिएका थिए । यस्ता विदेशी हस्तक्षेप र विखण्डनकारी शक्तिविरुद्ध नेमकिपाले विरोध गर्दै आएको हो । देश र जनताको स्वाधीनताको सवालमा आँच पुऱ्याउने काममा नेमकिपा मात्र होइन देशका सबै दल र जनताले विरोध गर्नुपर्छ । देशी विदेशी विखण्डनकारी शक्तिविरुद्ध देशको अखण्डतालाई कायम राख्न हिजोझैँ आज पनि चनाखो हुनुपर्छ ।

नेमकिपाले संविधानसभाको निर्वाचनताका भूगोल र प्राकृतिक स्रोत र साधनको आधारमा प्रदेश गठन गर्नुपर्ने माग राखेको थियो । त्यो माग केही हदसम्म पूरा भएको छ । सबै प्रदेशले हिमाल, पहाड र तराई प्राप्त गरे विकास निर्माण गर्न पाउने नेमकिपाको ठम्याइ हो । यो माग नेमकिपा र नेमकिपाका नेता तथा कार्यकर्ताको हित या पक्षमा होइन सिङ्गो देश र नेपाली जनताको पक्षमा अघि सारेको हो । विभिन्न जातजाति, भाषाभाषी, धर्मका मानिसहरूको थलो भएको हुनाले जातीय भाषाको आधारमा प्रदेश बनाउँदा साम्प्रदायिक भावना फैलिएर जातीय हिंसा हुनसक्ने भएकोले विचार गरेरै नेमकिपाले सो धारणा ल्याएको हो ।

नेमकिपाले संविधानसभाको निर्वाचनको बेला राष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट बहाल हुनुपर्ने, सांसदहरू मन्त्री बनाउन नहुने र राष्ट्रपतीय शासन व्यवस्था हुनुपर्ने माग अघि सारेको थियो । सांसदहरू बारम्बार सरकार ढाल्ने र बनाउने 'सत्ताको कुकुर झगडा' र फोहरी खेलमा लागेर सरकार छिनछिनमा परिवर्तन भइरहेको कारण नेमकिपाले सो अवधारणा ल्याएको हो । एकदलीय र दुईदलीय तानाशाही शासनभन्दा राष्ट्रपतीय शासन व्यवस्था बढी प्रजातान्त्रिक हुन्छ । अहिले बन्न लागेको नयाँ सरकार गठनको सन्दर्भमा पनि सांसदहरू मन्त्री बन्न नपाउने या विज्ञहरूको सरकार बनाउनुपर्ने चर्चा छ । प्रजातन्त्रमा न्यायपालिका दलगत भागबन्डाबाट अलग्ग हुनुपर्छ । त्यसो नहुँदा न्यायपालिकामाथि जनताको विश्वास घट्नेछ । न्यायपालिकासमेत विवादमा फस्नेछ । यसकारण, न्यायपालिकालाई स्वतन्त्र राख्नु आवश्यक र उपयुक्त हुन्छ ।

नेपाल विभिन्न जातजाति, भाषाभाषीहरूको कला, संस्कृति र ऐतिहासिक स्मारकहरूले भरिएको देश हो । यसकारण, सङ्घीय सरकार र प्रदेश सरकारले कुनै निश्चित क्षेत्र, नगर वा गाउँलाई पुरातात्त्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहाँको कला, संस्कृति, भाषा, जाति एवं परिचयलाई जोगाउन सांस्कृतिक नगर गाउँ वा क्षेत्र घोषणा गर्न आवश्यक छ । यस क्षेत्रमा के अब बन्ने सरकारको ध्यान जाला ? राष्ट्रिय स्तरका प्राकृतिक स्रोत अर्थात् जलस्रोत, खनिज, वन, जङ्गल तथा विश्व सम्पदा र स्मारकहरू केन्द्र सरकारको मातहतमा रहनुपर्छ । यसको संरक्षण, संवर्द्धन र विकास केन्द्र सरकारले गर्नुपर्छ ।

# इरान गाजा होइन, .......



✍ अरुन्धती रोय

मलाई केही भन्नु छ । म आफ्नी आमाकी छोरी हुँ, त्यसैले पनि आफ्ना काँधहरू सिधा पारेर म यो कुरा राख्न चाहन्छु । यो एउटा यस्तो युद्धको बारेमा सानो वक्तव्य हो, जसले अब सारा विश्वलाई नै निल्नेवाला छ । मलाई थाहा छ, हामी यहाँ 'मदर मेरी' को आगमनका बारेमा चर्चा गर्न भेला भएका छौँ । तर अहिले आगोको लप्का दन्किरहेका ती सुन्दर सहरहरू तेहरान, इस्फाहान र बेरुतहरूका बारेमा कुरा नगरी यो दिनको अन्त्य कसरी हुन सक्छ र ?

मदर मेरीको त्यो स्पष्टवादिता र 'अशिष्ट' स्वभावलाई आत्मसात् गर्दै, म यो मञ्चको प्रयोग संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि गरेको उक्साहटविहीन र अवैध आक्रमणको विरुद्धमा केही भन्नका लागि गर्न चाहन्छु । यो वास्तवमा गाजामा चलिरहेको अमेरिकी-इजरायली नरसंहारकै निरन्तरता हो । त्यही पुरानो नरसंहार र त्यही पुरानो दाउपेच- महिला र बालबालिकाको हत्या गर्ने, अस्पतालहरूमा बम बर्साउने, सहरहरूलाई ध्वस्त पार्ने र अन्त्यमा आफैँ पीडित भएको स्वाङ पार्ने । तर इरान गाजा होइन । यो नयाँ युद्धको रङ्गमञ्चले सारा विश्वलाई नै आफ्नो चपेटामा पार्न सक्छ । हामी अहिले आणविक विपत्ति र आर्थिक पतनको सङ्घारमा उभिएका छौँ । जसले हिरोशिमा र नागासाकीमा बम खसाल्यो, त्यही देश आज विश्वकै सबैभन्दा प्राचीन सभ्यताहरूमध्ये एकलाई ध्वस्त पार्न तम्तयार देखिन्छ । यस विषयमा विस्तारमा कुरा गर्ने अन्य अवसरहरू आउलान्, तर अहिलेलाई म यति मात्र भन्छु कि म निःसन्देह इरानको पक्षमा उभिएकी छु ।

कुनै पनि सत्ता परिवर्तन हुनुपर्छ भने, चाहे त्यो अमेरिका होस्, इजरायल होस् वा हाम्रो आफ्नै देश- त्यो त्यहाँका जनताद्वारा हुनुपर्छ । सारा संसारलाई धम्क्याएर आफ्नो मातहत राख्न खोजिरहेका कुनै फुर्किएका, झुट बोल्ने, ठगी गर्ने, लोभी, प्राकृतिक स्रोत लुट्ने र बम बर्साउने साम्राज्यवादी शक्ति र तिनका मतियारहरूद्वारा होइन । भारत डराइरहेको बेला इरानले उनीहरूको डटेर



सामना गरिरहेको छ । हाम्रो सरकार यति काँतर र मेरुदण्डविहीन भएको देख्दा मलाई लाज लाग्छ । धेरै पहिले, हामी गरिब जनता बस्ने एउटा गरिब देश थियौँ, तर हामीसँग आत्मसम्मान थियो, मर्यादा थियो । आज हामी एउटा धनी देश त भयौँ, तर यहाँका गरिब र बेरोजगार जनतालाई वास्तविक खानाको सट्टा घृणा, विष र झुटको खुराक खुवाइँदै छ । हामीले आफ्नो गर्व र मर्यादा गुमाएका छौँ । चलचित्रका पर्दामा बाहेक हामीले आफ्नो साहस पनि गुमाइसकेका छौँ ।

हामी कस्ता मानिस हौँ, जसले चुनेको सरकारले अर्को देशको राष्ट्रप्रमुखलाई अपहरण र हत्या गर्दा अमेरिकाको निन्दासम्म गर्न सक्दैन ? के हामीलाई आफूमाथि यस्तो भएको स्वीकार्य हुन्थ्यो ? हाम्रा प्रधानमन्त्री इजरायल भ्रमणमा गएर बेन्जामिन नेतन्याहुलाई अङ्कमाल गर्छन्, र त्यसको केही दिनमै नेतन्याहुले इरानमाथि आक्रमण गर्छन् । यसको अर्थ के हो ? अमेरिकी सर्वोच्च अदालतले ट्रम्पको भन्सार शुल्कलाई अवैध घोषणा गर्नुभन्दा केही दिनअघि मात्रै हाम्रो सरकारले अमेरिकासँग एउटा लम्पसारवादी व्यापार सम्झौता गर्छ, जसले हाम्रा किसान र कपडा उद्योगलाई बिचधारमै अलपत्र पारिदिन्छ । अहिले हामीलाई रुसबाट तेल किन्न 'अनुमति' दिइएको छ रे ! यसको अर्थ के हो ? अब हामीलाई अरू के के का लागि अनुमति चाहिन्छ ? शौचालय जान, कामबाट एक दिन बिदा लिन वा आफ्नी आमालाई भेट्न जान पनि ? डोनाल्ड ट्रम्पलगायत अमेरिकी राजनीतिज्ञहरूले हरेक दिन सार्वजनिक रूपमा हाम्रो खिल्ली उडाउँछन्, अपमान गर्छन्; तर हाम्रा प्रधानमन्त्री भने आफ्नो त्यही प्रसिद्ध र अर्थहीन हाँसो हाँस्दै उनीहरूलाई अङ्कमाल गरिरहन्छन् ।

गाजामा नरसंहार चरम उत्कर्षमा पुगेका बेला भारत सरकारले हजारौँ गरिब भारतीय कामदारहरूलाई इजरायल पठायो, ताकि त्यहाँबाट निकालिएका प्यालेस्टिनी कामदारहरूको ठाउँ ओगट्न सकियोस् । आज इजरायलीहरू बङ्करमा शरण लिइरहँदा ती भारतीय कामदारहरूलाई भने ती सुरक्षित ठाउँहरूमा पस्न अनुमति दिइएको छैन भन्ने सुनिँदै छ । आखिर यो सब के भइरहेको छ ? हामीलाई विश्वको यो अत्यन्तै अपमानजनक, निर्लज्ज र घिनलाग्दो अवस्थामा कसले पुऱ्यायो ? कतिपयलाई याद होला, हामी पहिले त्यो अतिरञ्जित चिनियाँ कम्युनिष्ट शब्द 'साम्राज्यवादको पाल्तु कुकुर' (Running dog of imperialism) भन्दै ठट्टा गर्थ्यौँ । तर अहिले म भन्छु, यो शब्दले हाम्रो अवस्थाको ठ्याक्कै चित्रण गर्छ- हाम्रा ती विकृत र विषालु चलचित्रहरूमा बाहेक, जहाँ हाम्रा नायकहरू एउटा काल्पनिक युद्धपछि अर्को युद्ध जित्दै हिँड्छन् । बुद्धि नभएका, केवल मांसपेसी मात्र भएका ती पात्रहरूले अनावश्यक हिंसा र 'गोबर' भरिएको दिमाग प्रदर्शन गर्दै हाम्रो रगतको तिर्खालाई अझ बढावा दिइरहेका छन् ।

***- द वायर 'Iran is Not Gaza' को नेपाली अनुवाद***

# निर्वाचन २०८२ को परिणामबारे ध्यान दिनुपर्ने केही विषय

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा भक्तपुर क्षेत्र नं. १ मा यस पटक फरक परिणाम देखियो । २०४८ सालदेखि नेमकिपाले जित्दै आएको उक्त चुनावमा यस पटक जनताको अभिमत रास्वपाको पक्षमा गयो । यसले राजनीतिक वृत्तमा एउटा छुट्टै तरङ्ग पैदा गऱ्यो । यसलाई जनमानसले फरक फरक किसिमले व्याख्या गरेको पाइन्छ । कसैले 'लालकिल्ला' भत्कियो भने भने कसैले 'लाल पुस्तक' बन्द भएको जस्तो शब्द प्रयोग गरी खुसी व्यक्त गरेको पाइयो ।



पाठक पत्र

चुनाव जनताको राजनैतिक स्तर नाप्ने ब्यारोमिटर पनि हो । यसले राजनैतिक पार्टीहरू जनतामाझ पुग्न सक्यो या सकेन भन्ने देखाउँछ । यस पटकको चुनावको अन्तिम परिणाम रास्वपाको पक्षमा गयो । ऊ करिब दुईतिहाइ जित्न सफल भयो । कतिपय पुराना पार्टीले लज्जास्पद हार बेहोर्नुपर्‍यो । भक्तपुर क्षेत्र नं. १ मा पनि यो पटक बालेनको सुनामीबाट बच्न सकेन । यो परिणामले नेमकिपालाई जनताको बिचमा गएर अझ बढी जनताको सेवा गर्नुपर्ने खाँचो औँल्याएको छ ।

भक्तपुर नगरपालिकाले भक्तपुरका जनताको सेवामा धेरै जनपक्षीय कार्यहरू गर्दै आएको छ । सस्तो गुणस्तरीय उच्च शिक्षाको सुविधा, सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा, घर-घरमा नर्सिङ सेवा, आर्थिक कारणले पढाइमा निरन्तरता दिन कठिन परिवारलाई ऋण उपलब्ध बिनारोक-टोक (हडताल, झै झगडा आदि बिना) स्कूल - कलेज सञ्चालन, नगर सफाइमा निरन्तरता नियमित रूपमा सीपमूलक तालिमको व्यवस्था, व्यवसाय काम गर्नको लागि सुरुवाती खर्च ऋणको व्यवस्था आदि नपाले नगरवासीलाई उपलब्ध गराउँदै आएको छ । यो हिसाबले भक्तपुरवासीहरूले नेमकिपाको नेतृत्व पाउनु गौरवकै विषय हो ।

यदि हुँदा हुँदै भक्तपुरवासीले यो पटक आफ्नो पहिलेको मत परिवर्तन गरेर यहाँका जनप्रतिनिधिहरूलाई अर्को पटकको लागि सचेत रहन सजग तुल्याएको छ । यसमा देकोमिवा - इतापाके आवास योजनाको हाल देखिरहेको समस्या, हनुमन्ते र कासाङ खोलाको वातावरण सुधार, नगरपालिकाको फोहर सङ्कलन र व्यवस्थापन आदिमा देखिएको समस्या समाधानमा नगरपालिका अझ बढी सक्रिय भई तदारुकताका साथ लाग्नुपर्ने देखिन्छ ।

देकोमिवा इतापाके आवास आयोजनामा २००० लाभान्वित भएकोमा करिब २००-३०० जनालाई मर्का पर्यो भनी आवाज उठाइरहेको पाइन्छ । त्यो छिटोभन्दा छिटो टुङ्ग्याउनेतर्फ नगरपालिका लाग्नु राम्रो हुनेछ । समस्या नभएको भागमा आधारभूत भौतिक सुविधाहरूको व्यवस्था गर्नेतर्फ सोच्नुपर्छ । कासाङ खोला सडकमा ३ - ४ वटा मेनहोल कभर हराइरहेको छ । सुरुमा १२ - १३ वटा हराएको देखिन्छ । यो चोरी भएको वा अरुले विरोधको लागि विरोध गर्न निकाली लगेको हो ? थाहा भएन । तर, मान्छेको ज्यान जाने विषय भएकोले छिटोभन्दा छिटो मेनहोल राख्ने व्यवस्था गर्नु राम्रो हुन्छ ।

नगरपालिकाले चुल्हो कर भनेर वार्षिक ९०० उठाउने गर्छ । काठमाडौँतिर महानगरले सेवा निजी व्यवसायमार्फत दिने गर्छ । उसले महिनाको रु. ५०० खर्च + दशैं खर्च गरी १३ महिनाको रकम असुल्ने गर्छ । यो हिसाबले भक्तपुरले लिइआएको वार्षिक ९०० रुपैयाँ साह्रै सस्तो हो । तर, घरमा भोजभतेरको बेला अलि बढी फोहर नगरपालिकाले उठाउन नमान्ने र नगरको सबै ठाउँमा फोहर उठाउने व्यवस्था नगरपालिकाले गरिरहेको देखिँदैन । तसर्थ, भोजभतेरको बेला थप खर्च लिएर फोहर उठाउने व्यवस्था गरिदिए नगर सफा - सुन्दर राख्ने कार्यमा अझ बढी टेवा पुग्नेमा दुईमत नहोला । पुरानो नगरको सरसफाइको साथै नयाँ बस्ती विकास भएको क्षेत्रतिर पनि फोहर उठाउनेतिर नगरपालिकाले ध्यान दिने उचित देखिन्छ ।

यी र यस्तै नगरवासीको समस्या र कर्मचारीहरूको अध्ययन आदि विषयमा ध्यान दिए सुनमा सुगन्ध हुनेछ ।

***- नरेन्द्र***

# अटोपाइलटमा इरान : एक मृत कमान्डरको जीवित आदेश

✍ शनाका एन्स्लेम परेरा

सन् २००३ मा मेजर जनरल मोहम्मद अली जाफरीले अमेरिकी सेनाले सद्दाम हुसेनको केन्द्रीकृत सैन्य संरचनालाई मात्र तीन हप्तामा ध्वस्त पारेको नजिकबाट नियाले । त्यसपछिका चार वर्ष उनले आईआरजीसी (IRGC) रणनीतिक अध्ययन केन्द्रमा बिताए, जहाँ उनले कहिल्यै 'शिरच्छेदन' (Decapitate) गर्न नसकिने खालको सैन्य वास्तुकलाको रूपरेखा तयार गरे । सन् २००७ सेप्टेम्बरमा आईआरजीसी कमान्डर नियुक्त भएलगत्तै उनले इरानको सम्पूर्ण सेनालाई ३१ वटा स्वायत्त प्रान्तीय कमान्डहरूमा पुनर्गठित गरे । प्रत्येक प्रान्तको आफ्नै स्वतन्त्र मुख्यालय, कमान्ड र नियन्त्रण प्रणाली, मिसाइल र ड्रोन भण्डार, द्रुत-आक्रमण डुङ्गा दस्ता, एकीकृत बासिज मिलिसिया र पूर्व-नियोजित सैन्य परिचालनको अधिकार थियो । यसको एउटै उद्देश्य थियो - सर्वोच्च नेताको मृत्युपछिको परिस्थिति सम्हाल्नु ।

त्यो परिस्थिति २८ फेब्रुअरी २०२६ मा आइलाग्यो । सैन्य सिद्धान्त केही घण्टामै सक्रिय भयो र त्यसबेलादेखि यो निरन्तर चलिरहेको छ । अब कसैले नसोधेको प्रश्न यो हो कि के इस्लामिक गणतन्त्रभित्र कसैले यसलाई रोक्न वा बन्द गर्न सक्छ ? सक्दैन । यसको कारण संवैधानिक छ ।

इरानको १९७९ को संविधानको धारा ११० ले सबै सशस्त्र बलहरूको एकमात्र कमान्ड अधिकार सर्वोच्च नेतामा निहित गरेको छ । उनी मात्र कमान्डर-इन-चिफ हुन् । सैन्य नेतृत्व नियुक्त गर्ने वा बर्खास्त गर्ने एकल अधिकार उनकै मात्र हो । राष्ट्रपति, संसद्, गार्डियन काउन्सिल वा न्यायपालिका - कसैसँग पनि सैन्य आदेश जारी गर्ने वा सर्वोच्च नेताका निर्देशनहरू रद्ध गर्ने संवैधानिक शक्ति छैन ।

अली खामेनीले यी पूर्व-प्रत्यायोजित (Pre-delegated) आदेशहरू जारी गरेका थिए, तर अहिले अली खामेनी जीवित छैनन् । ८ मार्चमा उत्तराधिकारी नियुक्त मोज्तबा खामेनीले यसबारे बोलेका छैनन्, कतै देखिएका छैनन् र उनले कुनै पनि प्रमाणित आदेश जारी गरेका छैनन् । उनी हवाई आक्रमणमा घाइते भएका थिए र उनले आफ्नो जीवनमा कहिल्यै राष्ट्रका नाममा सम्बोधन गरेका छैनन् । ती ३१ वटा स्वायत्त कमान्डहरूलाई खारेज गर्न सक्ने एकमात्र संवैधानिक अधिकार यस्तो व्यक्तिको हातमा छ, जो सायद त्यो प्रयोग गर्न सक्षम नै छैनन् ।





शानका एन्स्लेम परेरा

"यो सैन्य सिद्धान्त जित्नका लागि बनाइएको थिएन । यो हार्न असम्भव बनाउनका लागि बनाइएको थियो । जाफरीले केन्द्रीकृत सेनाहरू कसरी ढल्छन् भन्ने अध्ययन गरे र एउटा यस्तो सेना बनाए जुन कहिल्यै ढल्न सक्दैन ।

कालिबाफ (इरानको संसद्का सभामुख) ले युद्धविराम अस्वीकार गर्न सक्छन्, तर उनले आईआरजीसीलाई रोकिन आदेश दिन सक्दैनन् । राष्ट्रपति पेजेस्कियानले विज्ञप्ति जारी गर्न सक्छन्, तर उनले बुशेरमा ट्याङ्करमा एन्टी-शिप मिसाइल प्रहार गरिरहेका प्रान्तीय कमान्डरलाई रोक्न सक्दैनन् । गार्डियन काउन्सिलले कानुनको जाँच गर्नसक्छ तर उसले मृत कमान्डर-इन-चिफद्वारा जारी गरिएको फायरिङ अधिकार फिर्ता लिन सक्दैन । ती आदेशहरू कानुनी रूपमा तबसम्म बाध्यकारी रहन्छन् जबसम्म कुनै जीवित कमान्डरले स्पष्ट रूपमा तिनलाई खारेज गर्दैन । अहिलेसम्म कुनै जीवित कमान्डरले त्यसो गरेको छैन ।

ती ३१ कमान्डहरूले आज्ञा उल्लङ्घन गरिरहेका छैनन्, बरू उनीहरू त आज्ञा पालन गरिरहेका छन् । अन्तिम आदेश थियो : "स्वतन्त्र रूपमा लड्नुहोस्, आफूसँग जे छ त्यसैले लड्नुहोस्, जति समय लाग्छ लड्नुहोस् र त्यस्ता निर्देशनहरूको प्रतीक्षा नगर्नुहोस् जुन सायद कहिल्यै आउने छैनन् ।" ती आदेशहरू जारी गर्ने मान्छेको मृत्युपछि पनि बाँच्ने गरी बनाइएका थिए । जाफरीको बीसवर्षे परियोजनाको सम्पूर्ण उद्देश्य नै यही थियो ।

बीमा कम्पनीहरूका लागि : कुनै पनि पक्षले ३१ स्वतन्त्र पात्रहरूमा युद्ध रोकिने ग्यारेन्टी दिन सक्दैन ।

कूटनीतिज्ञहरूका लागि : कुनै पनि हस्ताक्षरकर्ताले ती कमान्डहरूलाई बाँध्न सक्दैन जुन उनीहरूको नियन्त्रणमै छैन ।

सैन्य योजनाकारहरूका लागि : त्यस्तो कुनै एउटै मुख्यालय छैन जसलाई नष्ट गर्दा यो अभियान समाप्त होस् ।

खाडी मुलुकहरूका लागि : प्रत्येकले छिमेकी इरानी प्रान्तका द्रुत-आक्रमण डुङ्गा, ड्रोन र तटीय मिसाइलहरूबाट स्थानीय स्तरमै हैरानी खेप्नुपर्नेछ, जसलाई रोक्न वा वार्ता गर्न कुनै केन्द्रीय संयन्त्र छैन ।

बजारका लागि : तेल ढुवानीसम्बन्धी बीमा गर्ने सातवटा 'पी एन्ड आई' क्लवहरूले सबै ३१ कमान्डहरूले एकैसाथ कुनै सम्झौता पालना गर्ने सम्भावनाको अध्ययन गरे र निष्कर्ष निकाले- शून्यको नजिक । त्यो गणना बदलिएको छैन, किनकि आदेश पालना गराउन सक्ने संवैधानिक संयन्त्र नै कार्यात्मक रूपमा अस्तित्वमा छैन ।

यो सैन्य सिद्धान्त जित्नका लागि बनाइएको थिएन । यो हार्न असम्भव बनाउनका लागि बनाइएको थियो । जाफरीले केन्द्रीकृत सेनाहरू कसरी ढल्छन् भन्ने अध्ययन गरे र एउटा यस्तो सेना बनाए जुन कहिल्यै ढल्न सक्दैन ।

मेसिन चालकबिना चलिरहेको छ । चालक मृत छ । संविधान भन्छ- केवल चालकले मात्र यसलाई बन्द गर्नसक्छ ।

*(शानका एन्स्लेम परेरा श्रीलङ्काली राजनीतिक चिन्तक र लेखक हुन्, जसले विशेष गरी दक्षिण एसियाली राजनीति, राष्ट्रवाद र राज्य निर्माणका सिद्धान्तहरूमा केन्द्रित रहेर विश्लेषण गर्छन् । उनी आफ्ना लेखहरूमा ऐतिहासिक सन्दर्भ र दार्शनिक भाषाको प्रयोग गर्दै समकालीन शक्ति राजनीतिको आलोचनात्मक व्याख्या गर्ने गर्छन् ।)*

# इरान : हत्या गरेर पनि नमर्ने, दबाबमा पनि नढल्ने राष्ट्र

✍ डा. मोहम्मद अली सेनोबारी

विगतका दशकहरूमा पश्चिमा विश्लेषणहरूमा भएको एउटा रणनीतिक त्रुटि भनेको इरानलाई केही मुठीभर राजनीतिक व्यक्तित्वहरूमा मात्र सीमित गरेर हेर्नु हो । उनीहरूले राज्य केही व्यक्तिहरूको वरिपरि मात्र घुम्छ भन्ने ठाने । यद्यपि, ऐतिहासिक अनुभवले देखाउँछ कि इरान व्यक्तिहरूमा होइन, बरू एक गहिरो जरा गाडिएको राष्ट्रिय प्रवाहमा अडिएको छ । जुन सन् १९७९ को क्रान्तिदेखि वर्तमानसम्मका हरेक कठिन मोडहरूमा निरन्तर पुनर्जीवित हुँदै आएको छ । हत्या, प्रतिबन्ध र दबाबले व्यक्तिहरूलाई हटाउन त सक्लान् तर गहिरो ऐतिहासिक स्मृति र प्रतिरोधी सभ्यताको पहिचान बोकेको एउटा राष्ट्रलाई नामेट पार्न सक्दैनन् । इरानले यो प्रमाणित गरिदिएको छ कि नेताहरूको अन्त्यले विघटन निम्त्याउँदैन; बरू, यसले प्रायः एकतालाई अझ मजबुत बनाउँछ ।

इरानी जनता र शासन प्रणाली दुवैको उत्थानशिलतालाई सधैँ कम आँकिएको छ । डोनाल्ड ट्रम्पको कार्यकालमा, 'अत्यधिक दबाब' को अभियानले इरानलाई आत्मसमर्पण गर्न बाध्य तुल्याउनेछ भन्ने विश्वास प्रबल थियो । तर, ऐतिहासिक यथार्थले बेग्लै कथा भन्छ । इरानले इराकी बाथ शासनविरूद्ध आठ वर्षको युद्ध झेल्यो, जुन द्वन्द्वमा सद्दाम हुसेनले पूर्व र पश्चिम दुवै पक्षबाट एकैसाथ समर्थन पाएका थिए ।

आजको इरान १९८० को दशकको तुलनामा कमजोर छैन; बरू, यससँग उल्लेखनीय रूपमा बढी रक्षात्मक क्षमता, रणनीतिक गहिराइ र संस्थागत अनुभव छ । युद्ध, प्रतिबन्ध र लक्षित हत्याहरू भोग्दै आएको समाजले दबाबका बिच कसरी जीवित रहने र अघि बढ्ने भन्ने सिकिसकेको छ ।

ठुला सुरक्षा सङ्कटका सुरूवाती दिनहरूमा, अमेरिकी-जियोनिस्ट रणनीतिक घेराभित्रको एउटा आकलन के थियो भने आन्तरिक अशान्ति देशव्यापी विद्रोहमा परिणत हुनेछ । शीर्ष नेतृत्वको अन्त्य र मनोवैज्ञानिक धक्काले प्रणालीविरूद्ध जनविद्रोह निम्त्याउने उनीहरूको अनुमान थियो । यद्यपि, जे भयो त्यसले यी अपेक्षाहरूलाई गलत साबित गरिदियो । शासनका समर्थकहरू एकजुट भए भने विरोधीहरूले पनि बाह्य शत्रुहरूसँग हात मिलाएनन् । दोस्रो र तेस्रो दिनसम्म आइपुग्दा, जब 'आन्तरिक पतन' को योजना सफल नहुने स्पष्ट भयो, तब ध्यान स्वास्थ्य सेवालगायतका नागरिक पूर्वाधारहरूलाई निशाना बनाउनेतर्फ मोडियो । जुन स्पष्ट रूपमा सुरूवाती आकलनहरूको असफलताको सङ्केत थियो ।



यी मुठभेडहरूमा इरान प्रभावकारी रूपमा एक्लै उभिएको छ । द्वन्द्वको सुरूवाती चरणमै नेटो जस्ता सैन्य गठबन्धनबाट तुरून्तै सहयोग खोज्ने केही क्षेत्रीय पात्रहरूभन्दा फरक, इरानले मुख्य रूपमा आफ्नै आन्तरिक क्षमतामा भर परेको छ । स्वदेशी रक्षा उद्योग र परिचालित सामाजिक आधार नै सङ्कटको समयमा निर्णायक रणनीतिक सम्पत्ति बनेका छन् ।

अन्ततः, इस्लामिक गणतन्त्रलाई पूर्वराजपरिवार पहलवी पारिवारिक शासनसँग तुलना गर्नु विश्लेषणात्मक रूपमा त्रुटिपूर्ण छ । क्रान्तिपूर्वको प्रणाली अत्यधिक व्यक्तिगत र बाह्य समर्थनमा निर्भर थियो । यसको विपरीत, इस्लामिक गणतन्त्र एक बहुस्तरीय संस्थागत सञ्जालमा आधारित छ, जुन द्रुत प्रतिस्थापन र संरचनात्मक निरन्तरताका लागि सक्षम छ । हालैका द्वन्द्व र सङ्कटहरूले यो प्रमाणित गरेका छन् कि निश्चित अवयवहरूको निष्कासन वा प्रतिस्थापनले सम्पूर्ण प्रणालीलाई पक्षघात गर्दैन ।

आजको इरानले यो साबित गरेको छ कि यो न त कुनै अस्थायी राजनीतिक परियोजना हो, न त पूर्ण रूपमा नेता-केन्द्रित प्रणाली नै । यो त एक ऐतिहासिक र राष्ट्रिय प्रवाहको प्रकटीकरण हो । यस्तो प्रवाहलाई प्रतिबन्ध, हत्या वा मनोवैज्ञानिक युद्धमार्फत ध्वस्त पार्न सकिँदैन । इरानी इतिहासले साक्षी दिन्छ कि आफ्ना कठिनतम क्षणहरूमा यो राष्ट्रले सहनशीलता मात्र देखाउँदैन बरू आफूलाई पुनः परिभाषित र थप सुदृढ बनाउँछ ।

# छोरीसँगै किमद्वारा रकेट प्रहार अभ्यास अवलोकन



प्योङयाङ, १५ मार्च । प्रजग कोरियाली नेता किम जोङ उनले आफ्नी किशोरी छोरीसँगै बहु-रकेट प्रक्षेपण प्रणालीको प्रत्यक्ष प्रहार अभ्यास अवलोकन गर्नुभएको छ । राज्य सञ्चारमाध्यमले आइतबार सार्वजनिक गरेको विवरणअनुसार उक्त परीक्षणलाई दक्षिण कोरिया र अमेरिकाले गरिरहेको संयुक्त सैनिक अभ्यासप्रति प्रजग कोरियाको सम्भावित प्रतिक्रियाका रूपमा हेरिएको छ ।

प्रजग कोरियाको सरकारी समाचार संस्थाले किमले शनिबार देशको पूर्वी समुद्री किनार क्षेत्रमा सञ्चालन गरिएको आक्रमण अभ्यास प्रत्यक्ष रूपमा अवलोकन गर्नुभएको जनाएको छ । उक्त अभ्यासमा ६०० मिलिमिटर क्षमताका अत्यन्त सटीक बहु-रकेट प्रक्षेपण यन्त्रका १२ वटा प्रक्षेपक प्रयोग गरिएको बताइएको छ ।

राज्य समाचार संस्था - केसीएनएले किमलाई उद्धृत गर्दै उक्त अभ्यासले ४२० किलोमिटरभित्र रहेका सम्भावित शत्रुहरूलाई 'असहज बनाउने' र उनीहरूलाई 'रणनीतिक आणविक हतियारको विनाशकारी शक्ति कति भयावह हुन सक्छ भन्ने गहिरो समझ दिने' बताउनुभएको जनाएको छ । यदि यस्तो हतियार प्रयोग गरियो भने प्रहार दायराभित्र रहेका विरोधी पक्षका सैन्य संरचनाहरू जोगिन नसक्ने उहाँको भनाइ उद्धृत गरिएको छ ।

प्रकाशित तस्विरहरूमा किम र उहाँकी छोरी विशाल ओलिभ रङका प्रक्षेपण ट्रकहरू नजिकै हिँडिरहेको र तीबाट हतियार प्रहार भइरहेको दृश्य देखिएको छ । ती किशोरीलाई किम जोङ उनकी छोरी किम जु ए भएको मानिन्छ र उनको उमेर करिब १३ वर्ष रहेको बताइन्छ । सन् २०२२ को अन्त्यदेखि उनले क्षेप्यास्त्र परीक्षण, सैनिक परेड र अन्य महत्त्वपूर्ण कार्यक्रमहरूमा आफ्ना बुबासँग सार्वजनिक रूपमा उपस्थिति जनाउँदै आएकी छन् । यसले उनलाई सम्भावित उत्तराधिकारीका रूपमा तयार पारिएको हुन सक्ने अड्कलहरूलाई बल दिएको विश्लेषकहरू बताउँछन् ।

सुरक्षा विश्लेषकहरूका अनुसार प्रजग कोरियाले प्रयोग गर्ने यस्ता ठूलो आकारका रकेट प्रक्षेपण प्रणालीले तोपखाना प्रणाली र ब्यालेस्टिक क्षेप्यास्त्रबिचको सीमालाई अस्पष्ट बनाउँछन् । ती हतियारहरूले आफ्नै बल सिर्जना गरेर उडान भर्न सक्ने र लक्ष्यतर्फ निर्देशित हुन सक्ने भएकाले तिनको प्रभावकारिता बढी मानिन्छ । प्रजग कोरियाले यस्ता केही प्रणालीहरूबाट आणविक हतियारसमेत प्रक्षेपण गर्न सकिने दाबी गर्दै आएको छ ।

यसैबिच अमेरिका र दक्षिण कोरियाबिच सञ्चालन भइरहेको वसन्तकालीन संयुक्त सैनिक अभ्यास जारी छ । उक्त अभ्यास मुख्यतया कम्प्युटरद्वारा सञ्चालन गरिने कमान्ड केन्द्र अभ्यासमा केन्द्रित रहेको बताइएको छ र यो मार्च १९ सम्म चल्नेछ ।

प्रजग कोरियाले यस्ता संयुक्त सैनिक अभ्यासलाई प्राय: आक्रमणको पूर्वाभ्यासका रूपमा व्याख्या गर्दै आएको छ । त्यसैले प्योङयाङले प्राय: आफ्ना हतियार परीक्षण र कडा चेतावनीपूर्ण वक्तव्यहरूमार्फत त्यसको प्रतिक्रिया दिने गरेको विश्लेषकहरूले बताएका छन् ।

# मध्यपूर्व टकरावले तेल आपूर्ति सङ्कट र अन्तर्राष्ट्रिय तनाव बढाउँदै

तेहरान, १५ मार्च (एपी) । इरानले शनिबार मध्यपूर्वको सबैभन्दा व्यस्त बन्दरगाह जेबेल अली र युएईका दुई अन्य बन्दरगाह खाली गर्न अनुरोध गरेको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघ्चीले बताएअनुसार, अमेरिका खार्ग टापु र अबु मुसा टापुमा युएईका दुई स्थानबाट आक्रमण गरेको दाबी गरेको छ । यद्यपि, यसको कुनै स्वतन्त्र प्रमाण सार्वजनिक गरिएको छैन । युएईका अधिकारीहरूले देशसँग आफ्नो सुरक्षा सुनिश्चित गर्ने अधिकार छ भनी बताएका छन्, तर तिनीहरूले संयम कायम राख्ने प्रतिबद्धता पनि दोहोऱ्याएका छन् ।

**इरानले तेल पूर्वाधारमाथि चेतावनी**

इरानी सैन्य कमाण्डले अमेरिकी वा त्यसका सहयोगीहरूले इरानी तेल पूर्वाधारमाथि आक्रमण गरे, त्यसको प्रतिशोध गरिने चेतावनी दिएको छ । खार्ग टापुमा अमेरिकी आक्रमणले तेल संरचनामा कुनै क्षति नगरेको बताइएको छ । संयुक्त राज्यले खार्ग टापुमा रहेका नौसैनिक बारुद भण्डारण, क्षेप्यास्त्र भण्डारण र अन्य सैन्य संरचनाहरू नष्ट गरेको जनाएको छ । अमेरिकी अधिकारीहरूले तेल पूर्वाधार सुरक्षित रहेको पुष्टि गरेका छन् ।

युद्धले तेल मूल्य र आपूर्ति चिन्तालाई विश्वव्यापी बनाएको छ ।

**इराकमा अमेरिकी दूतावासमाथि हमला**

इराकको अमेरिकी दूतावासमा मिसाइल प्रहार भएको छ । कुनै समूहले जिम्मेवारी लिएको छैन । अमेरिकी सरकारले इराकमा रहेका आफ्ना नागरिकलाई देश छोड्न चेतावनी दिएको छ ।

# इरानमा इजरायलसँग जासुसी गरेको आरोपमा २० जना पक्राउ

तेहरान, १५ मार्च (एएफपी) । इरानी सुरक्षा अधिकारीहरूले देशको उत्तरपश्चिमी क्षेत्रमा जासुसीमा संलग्न ठानिएका कम्तीमा २० जनालाई पक्राउ गरेका छन् । पक्राउ परेकाहरूले सैन्य, कानुन र सुरक्षासम्बन्धी गोप्य विवरण इजरायली पक्षलाई पठाएको पाइएको छ ।

पक्राउ पश्चिम अजरबैजान प्रान्तमा जासुसी सञ्जालमाथि गरिएको व्यापक छापामारीको क्रममा भएको हो । प्रान्तीय अभियोजक होसेन माजिदीका अनुसार, पक्राउ परेकाहरूले देशको सुरक्षा र गोप्य सूचनासँग छेडछाड गर्दै आएको पुष्टि भएको छ ।

इरानी अधिकारीहरूले देशभर व्यापक जासुसी छानबिन जारी राखेका छन् र हालसालै सयौं व्यक्तिहरूलाई इजरायल र अन्य विदेशी शक्तिसँग सहकार्य गरेको आरोपमा गिरफ्तार गरिएको बताइएको छ ।

यो घटना फेब्रुअरी २८ मा अमेरिकी र इजरायली हवाई आक्रमणपछि सुरु भएको मध्यपूर्वीय सङ्घर्षसँग सम्बन्धित छ । त्यस आक्रमणमा इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीको मृत्यु भएपछि इरानले प्रतिकार गरेको थियो ।

# सामाजिक सञ्जालमा युद्धसम्बन्धी एआई नक्कली सामग्री फैलिँदै

वासिङ्टन, १५ मार्च (एएफपी) । इरान-अमेरिका युद्धका बारेमा सामाजिक सञ्जाल विशेषगरी एक्समा कृत्रिम बौद्धिकता (एआई) बाट बनाइएका नक्कली तस्बिर र भिडियोहरू तीव्ररूपमा फैलिरहेका छन् । गलत सूचना रोक्न एक्स प्लेटफर्मले कडा नीति घोषणा गरे पनि युद्धसम्बन्धी भ्रामक सामग्रीको प्रसार भने रोकिएको छैन ।

अनुसन्धानकर्ताहरूका अनुसार मध्यपूर्व युद्ध सुरु भएपछि एआईले बनाइएका दृश्य सामग्रीहरूको बाढी आएको छ । यसले अघिल्ला द्वन्द्वका समयमा देखिएका सामग्रीहरूभन्दा धेरै ठुलो परिमाणमा सामाजिक सञ्जालमा फैलिएको छ, जसका कारण प्रयोगकर्ताहरूलाई वास्तविक र बनावटी सामग्री छुट्याउन कठिन भएको छ ।

युद्धका क्रममा 'प्रामाणिक सूचना' जोगाउने प्रयासस्वरूप उक्त एक्सले गत साता नयाँ नीति घोषणा गरेको थियो । त्यसअनुसार एआईबाट बनाइएको युद्धसम्बन्धी भिडियो वा तस्बिर पोस्ट गर्दा त्यसलाई स्पष्ट रूपमा उल्लेख नगरेमा सामग्री सिर्जनाकर्तालाई प्लेटफर्मको आम्दानी साझेदारी कार्यक्रमबाट ९० दिनका लागि निलम्बन गरिने बताइएको छ । बारम्बार नियम उल्लङ्घन गरे स्थायी रूपमा प्रतिबन्ध लगाइने चेतावनी पनि दिइएको छ ।

यो नीति लागू गरिए पनि गलत सूचना रोक्न पर्याप्त भएको छैन भन्ने चिन्ता अनुसन्धानकर्ताहरूले व्यक्त गरेका छन् । रणनीतिक संवादसम्बन्धी एक अनुसन्धान संस्थाका अनुसन्धानकर्ता जो बोडनारका अनुसार उहाँले निगरानी गर्ने सामाजिक सञ्जाल सामग्रीहरू अझै पनि युद्धसम्बन्धी कृत्रिम बुद्धिमत्ताबाट बनाइएका तस्बिर र भिडियोहरूले भरिएका छन् ।

उहाँका अनुसार केही प्रिमियम खाताहरूबाट समेत भ्रामक सामग्री फैलिएको देखिएको छ । यस्ता खातामध्ये एकले इजरायलमाथि इरानले कथित रूपमा 'आणविक क्षमतायुक्त' आक्रमण गरेको दृश्य देखाउने कृत्रिम भिडियो साझा गरेको थियो । उक्त सामग्रीले प्लेटफर्मको नीति घोषणासम्बन्धी सन्देशभन्दा पनि धेरैपटक हेरिएको थियो ।

एएफपीको विश्वव्यापी तथ्य-जाँच सञ्जालले ब्राजिलदेखि भारतसम्म विभिन्न देशहरूमा फैलिएका युद्धसम्बन्धी कृत्रिम नक्कली सामग्रीहरू पहिचान गरेको छ ।

यस्ता सामग्रीहरू वास्तविक तस्बिर र भिडियोसँग मिसिएर फैलिँदा तथ्य-जाँचकर्ताहरूलाई पनि छिटो पहिचान गर्न कठिन भएको बताइएको छ । साथै उक्त सामाजिक सञ्जालको आफ्नै एआई संवाद प्रणालीले समेत कहिलेकाहीँ प्रयोगकर्ताहरूलाई भ्रामक जानकारी दिएको देखिएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार सामाजिक सञ्जालको आम्दानी प्रणालीले पनि यस्तो सामग्री फैलिन प्रोत्साहन दिएको छ । प्रिमियम खाताले दर्शक र सहभागिताका आधारमा आम्दानी पाउने भएकाले सनसनीपूर्ण वा गलत सामग्री पोस्ट गर्दा आर्थिक लाभ हुने सम्भावना बढेको छ ।

उदाहरणका रूपमा एउटा प्रिमियम खाताले दुबईको बुर्ज खलिफा गगनचुम्बी भवनसँग सम्बन्धित कृत्रिम भिडियो पोस्ट गरेको थियो । उक्त सामग्रीलाई कृत्रिम रूपमा बनाइएको भनेर उल्लेख नगरी पोस्ट गरिएको भए पनि हटाइएको थिएन र त्यो करिब २० लाख पटक हेरिएको थियो ।

यसअघि प्रकाशित एक प्रतिवेदनले उक्त सामाजिक सञ्जाल कम्पनीले इरान सरकारसँग सम्बन्धित केही खाताबाट प्रचार सामग्री फैलिँदा आर्थिक लाभ कमाएको देखिएको दाबी गरेको थियो । त्यसपछि कम्पनीले त्यस्ता केही खाताबाट प्रमाणीकरण चिह्न हटाएको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार कम्पनीले घोषणा गरेको नीति सैद्धान्तिक रूपमा गलत सूचना रोक्ने प्रयास भए पनि यसको प्रभाव कार्यान्वयनमा निर्भर रहनेछ । अनुसन्धानकर्ताहरूले कृत्रिम सामग्रीमा रहने डिजिटल विवरण सजिलै हटाउन सकिने भएकाले पहिचान गर्न कठिन हुने चेतावनी दिएका छन् । साथै सामुदायिक तथ्य-जाँच प्रणाली पनि सीमित रूपमा मात्र प्रभावकारी भएको उनीहरूको भनाइ छ ।

गत वर्ष गरिएको एक अध्ययनले सामाजिक सञ्जालमा लेखिएका सामुदायिक टिप्पणीहरूमध्ये ९० प्रतिशतभन्दा बढी कहिल्यै प्रकाशित नहुने देखाएको थियो । त्यसैले युद्धजस्ता संवेदनशील परिस्थितिमा फैलिने कृत्रिम नक्कली सामग्री रोक्न अझ प्रभावकारी उपाय आवश्यक पर्ने विज्ञहरूले बताएका छन् ।

# मध्य नाइजेरियामा बन्दुकधारीको आक्रमण, २० जनाको मृत्यु

जोस (नाइजेरिया), १५ मार्च (एएफपी) । मध्य नाइजेरियाको एक गाउँमा बन्दुकधारी समूहले गरेको आक्रमणमा कम्तीमा २० जनाको ज्यान गएको छ । स्थानीय विकास सङ्गठनले शनिबार दिएको जानकारीअनुसार उक्त घटनामा सुरक्षाकर्मी तथा गाउँलेहरू मारिएका छन् भने आक्रमणकारीहरूले गाईवस्तु र अन्य सम्पत्ति पनि लुटेर लगेका छन् ।

स्थानीयवासीहरूले 'डाकू' भनेर चिन्ने अपहरणकारी गिरोहहरूले नाइजेरियाका ग्रामीण बस्तीहरूमा लामो समयदेखि आतङ्क मच्चाइरहेका छन् । यी समूहहरूले प्राय: फिरौती असुल्न र लुटपाट गर्न सामूहिक अपहरण तथा सशस्त्र आक्रमण गर्ने गरेका छन् ।

पछिल्लो आक्रमण शुक्रबारमध्ये नाइजेरियाको पठार राज्यमा भएको हो । कानम डेभलपमेन्ट एसोसिएसनले जारी गरेको विज्ञप्तिमा बन्दुकधारीहरूले नियमित गस्तीमा रहेका सैनिकमाथि अचानक आक्रमण गरेको उल्लेख गरिएको छ ।

सङ्गठनका अनुसार आकस्मिक आक्रमणपछि भएको गोली हानाहानमा १२ जना सुरक्षाकर्मी मारिएका छन् । उनीहरूसँगै आफ्नो गाउँको सुरक्षा गर्न पुगेका आठ जना स्थानीयवासी पनि घटनामा ज्यान गुमाएका छन् । "आकस्मिक आक्रमणपछि भएको दुर्भाग्यपूर्ण गोली हानाहानमा राष्ट्रले कर्तव्य निर्वाह गर्दै अन्तिम बलिदान दिने बहादुर सुरक्षाकर्मीहरू गुमाएको छ," सङ्गठनले जनाएको छ ।

गोलीबारीपछि बन्दुकधारीहरू नजिकैको समुदायतर्फ पसेर गाईवस्तु तथा अन्य सम्पत्ति लुटेर फरार भएका थिए । स्थानीय विकास सङ्गठनले यस्तो घटनाले पहिले नै असुरक्षित अवस्थामा रहेका ग्रामीण समुदायहरूको पीडा अझ गहिरो बनाएको बताएको छ ।

पठार राज्यसहित मध्य नाइजेरियाका धेरै गाउँहरू पछिल्ला वर्षहरूमा बारम्बार आक्रमण, लुटपाट र अपहरणका घटनाबाट प्रभावित हुँदै आएका छन् । ग्रामीण बस्तीहरूमा सुरक्षा चुनौती बढ्दै जाँदा स्थानीय समुदायहरू निरन्तर त्रासमा बाँच्न बाध्य भएका छन् ।

अफ्रिकाको सबैभन्दा धेरै जनसङ्ख्या भएको देश नाइजेरिया अहिले बहुआयामिक सुरक्षा सङ्कटसँग जुधिरहेको छ । देशले एकातिर सशस्त्र अपहरणकारी गिरोहहरूलाई नियन्त्रण गर्ने प्रयास गरिरहेको छ भने अर्कोतर्फ कट्टरपन्थी इस्लामवादी समूहहरूले सञ्चालन गरेको विद्रोहलाई पनि सामना गरिरहेको छ ।

नाइजेरियाली सेनाले विद्रोही तथा अन्य सशस्त्र समूहविरुद्ध कारबाही तीव्र बनाएको भए पनि विभिन्न क्षेत्रमा सक्रिय आपराधिक गिरोह र सशस्त्र समूहहरूको उपस्थितिका कारण सुरक्षा अवस्था अझ जटिल बनेको अधिकारीहरूले बताएका छन् ।

# क्युवाद्वारा अमेरिकासँग वार्ता सुरु भएको जानकारी

पाब्लो मेरिगेट

हवाना । क्युवाका राष्ट्रपति मिगुएल डियाज-कानेलले एक पत्रकार सम्मेलन गर्दै आफ्नो सरकार र अमेरिका सरकारका अधिकारीहरूबिच हाल वार्ता भइरहेको जानकारी दिनुभएको छ । राष्ट्रपतिका अनुसार यी वार्ताहरूलाई अन्तर्राष्ट्रिय सहजकर्ताहरूले सहयोग गरिरहेका छन् । यद्यपि, उहाँले ती सहजकर्ताहरूको नाम भने खुलाउनु भएन ।

उहाँले यस वार्ताका तीनवटा आधारभूत उद्देश्यहरू पनि उल्लेख गर्नुभएको छ :

- कुन-कुन द्विपक्षीय मुद्दाहरू समाधान गर्न आवश्यक छ भन्ने कुराको पहिचान गर्ने ।
- ती मुद्दाहरू समाधानका लागि सम्भावित बाटाहरू तय गर्ने ।
- दुवै देशका जनताको हितका लागि ठोस कदम चाल्ने इच्छाशक्ति छ वा छैन भन्ने कुराको निर्क्योल गर्ने । जसमा साझा खतराहरू सम्बोधन गर्न र दुवै देशको सुरक्षा र शान्ति सुनिश्चित गर्न सहयोगका क्षेत्रहरू पहिचान गर्ने कार्य समावेश छ ।

यसका साथै, अर्को एक सम्बोधनका क्रममा डियाज-कानेलले आगामी दिनहरूमा अमेरिकी सङ्घीय अनुसन्धान ब्युरो (FBI) को 'सम्भावित भ्रमण' हुन सक्ने बताउनुभयो । यो भ्रमण सशस्त्र चालक दलका सदस्यहरू बोकेको डुङ्गा क्युवाली जलक्षेत्रमा प्रवेश गरेको र क्युवाको सशस्त्र बलले त्यसलाई धपाएको घटनाको बारेमा अनुसन्धान हुन लागेको हो ।

क्युवाली राष्ट्रपतिले उक्त घुसपैठलाई 'अमेरिकी क्षेत्रबाटै वित्त पोषित र सङ्गठित आतङ्कवादी उद्देश्यका लागि गरिएको सशस्त्र घुसपैठ' को संज्ञा दिनुभयो । यद्यपि, उहाँले अनुसन्धानमा एफबिआईको सहभागिताप्रति खुलापन व्यक्त गर्नुभयो । उहाँले भने, "यस घटनासम्बन्धी जानकारी तत्कालै हाम्रो अमेरिकी समकक्षलाई उपलब्ध गराइएको थियो, जसले कूटनीतिक र कन्सुलर च्यानलहरूमार्फत तथ्यहरू स्पष्ट पार्न संयुक्तरूपमा सहभागी हुने इच्छा व्यक्त गरेको छ ।"

यसैबिच, 'भ्याटिकनको मध्यस्थता' मा ५१ जना बन्दीहरूलाई रिहा गर्ने हवानाको घोषणा पनि यसमा थपिएको छ । डियाज-कानेलका अनुसार, "ती सबैले आफ्नो सजायको ठुलो हिस्सा भुक्तान गरिसकेका छन् र जेलमा रहँदा राम्रो आचरण कायम राखेका थिए ।"

यस प्रकार, यो स्पष्ट हुन्छ कि क्युवा र अमेरिकी सरकारहरूबिच कुनै न कुनै रूपमा सञ्चार र वार्ताका निश्चित माध्यमहरू पुन: स्थापित भएका छन् । यसले हाल क्युवामा व्याप्त गम्भीर ऊर्जा सङ्कटलाई कम गर्ने मार्गप्रशस्त गर्न सक्ने देखिन्छ ।

अमेरिकी नाकाबन्दी र क्युवालाई तेल बेच्ने कुनै पनि देशमाथि १० प्रतिशत महसुल बढाउने ट्रम्प प्रशासनको हालैको चेतावनीका कारण क्युवा अहिले इतिहासकै सबैभन्दा खराब ऊर्जा सङ्कटको सामना गरिरहेको छ । क्युवाको विद्युतीय, औद्योगिक र व्यावसायिक प्रणालीहरू इन्धनमा आधारित हुनाले अमेरिकी नाकाबन्दीका कारण प्रत्यक्ष रूपमा अस्पताल, विद्यालय, घर, पसल र अन्य क्षेत्रहरूलाई प्रभावित पारेको छ ।

केही विज्ञहरूले यस स्थितिलाई हवानाको क्रान्तिकारी सरकार ढाल्ने वासिङ्टनको चाहनाद्वारा सिर्जित 'मानव-निर्मित मानवीय सङ्कट' भनेका छन् । संयुक्त राष्ट्र सङ्घका अनुसार, ट्रम्प प्रशासनको निर्णयले देशका विभिन्न क्षेत्रहरूमा समस्या निम्त्याइरहेको छ । अत्यावश्यक सेवाहरूमा भारी कटौती गरिएको छ, गम्भीर बिरामीहरूको उपचार हुन सकेको छैन, गर्भवती महिलाहरूले उचित हेरचाह पाइरहेका छैनन् र खानेपानी आपूर्ति ट्याङ्करमा निर्भर हुनाले करिब १० प्रतिशत जनसङ्ख्याले नियमित रूपमा पानी पाउन सकेका छैनन् ।

केही हप्ता अघि, ट्रम्पले क्युवालाई इन्धन निर्यात गर्ने एकमात्र देश अमेरिका रहने सर्तमा तेल बेच्न सुरु गर्ने घोषणा गरेका थिए । यद्यपि, राष्ट्रपति डियाज-कानेलले पछिल्लो तीन महिनामा इन्धन बोकेको एउटा जहाज पनि क्युवाली टापुमा नपुगेको जानकारी दिनुभयो । संयुक्त राष्ट्र सङ्घका अनुसार, हालै "सर्वोच्च अदालतको एक फैसलाले यस सन्दर्भमा संयुक्त राज्य अमेरिकाले आपत्कालीन आर्थिक कानुन प्रयोग गर्नु गैरकानुनी ठहऱ्याए तापनि" यो अवस्था कायमै छ ।

वासिङ्टनका मागहरू के हुनेछन् र क्युवाको क्रान्तिकारी सरकारले कतिसम्म सम्झौता गर्नेछ भन्ने कुरा अझै निश्चित भइसकेको छैन । वास्तविकता के हो भने, ट्रम्प प्रशासनले सन् १९५९ मा सुरु भएको क्रान्तिकारी प्रक्रियालाई ध्वस्त पार्ने आफ्नो इच्छा लुकाएको छैन । आधुनिक इतिहासकै सबैभन्दा लामो आर्थिक र व्यावसायिक नाकाबन्दी, वासिङ्टनद्वारा पोषित आक्रमण र सैन्य कारबाहीहरू वा हालको ऊर्जा सङ्कटमार्फत क्युवालाई भित्रैदेखि कमजोर बनाउने प्रयास जुनसुकै माध्यमबाट भए पनि अमेरिकाले यस क्यारिबियन राष्ट्रप्रति आक्रामक र शत्रुतापूर्ण परराष्ट्र नीति अपनाउँदै आएको छ ।

*स्रोत : पिपुल्स डिस्प्याच*

# चाँगुनारायण मन्दिर परिसरको सङ्क्षिप्त चर्चा

विद्या



काठमाडौँ उपत्यकामा धार्मिक, ऐतिहासिक र सांस्कृतिक रूपले महत्त्वपूर्ण चार नारायणहरू रहेका छन्; चाँगुनारायण, इचँगु नारायण, बिसङ्खु नारायण र फर्पिङ शेष नारायण । यी चार नारायणमध्ये चाँगुनारायण विश्व सम्पदा सूचीमा सूचिकृत एक प्रख्यात तथा महत्त्वपूर्ण मन्दिर हो । चाँगुनारायण मन्दिर भक्तपुर जिल्लाको उत्तरतिर अवस्थित छ । चाँगुनारायण मन्दिर दुईतले प्यागोडा शैलीमा निर्माण गरिएको छ । झिँगटीको छाना छाएको यस मन्दिरको टुँडालमा आकर्षक काठका देवी-देवताका मूर्तिहरू र सुनका ढोका रहेका छन् । मन्दिर परिसर वरपर ढुङ्गाको गरुड, गरुडमा विराजमान नारायण, विश्वरूप, वामन, नरसिंह, शिवलिङ्ग, अष्टमातृका आदि रहेका छन् । यस मन्दिरको चारै दिशाको ढोका अगाडि क्रमश: पश्चिमपट्टि एकजोर ढुङ्गाको सिंह, उत्तरपट्टि भैँडा, पूर्वपट्टि शार्दुल र दक्षिणपट्टि हात्तीको प्रतीक रहेका छन् । ती मूर्तिहरू चाँगुनारायणका सुरक्षा गार्ड वा रक्षकको रूपमा रहेको मानिन्छ । चाँगुनारायण मन्दिरलाई युनेस्कोले सन् १९७९ मा विश्व सम्पदामा सूचिकृत गरेको थियो ।

यस मन्दिरलाई नेपालकै सबभन्दा पुरानो नारायणको मन्दिर मानिन्छ । यो मन्दिर लिच्छविकालीन शासनकालको चौथो शताब्दीतिर लिच्छवि राजा हरिदत्त बर्माको पालामा निर्माण भएको मानिन्छ । यो मन्दिर परिसरमा राजा मानदेव प्रथमद्वारा वि.सं. ५२१ मा राखिएको १५६१ वर्ष पुरानो शिलालेखअनुसार आफ्नी आमा राज्यवतीको इच्छाबमोजिम पुन: निर्माण गरिएको मानिन्छ । मन्दिर परिसरमा राखिएको शिलापत्र पालि लिपिमा राखिएको हुँदा त्यसका भाषा विज्ञको अभावको कारण जर्मनी लगेर त्यसको भाषा विज्ञबाट प्रमाणित गरेपछि मात्र उक्त इतिहास खुलेको भन्ने गरिन्छ । राजा मानदेवले पिता धर्म देवको निधनमा अत्यन्त दु:खी र शोकमा डुबेको कारण उनले माता राज्यवतीलाई सती जानबाट रोक्न प्रजाको सेवा नै सबैभन्दा ठुलो धर्म कर्म नै पुण्य प्राप्ति र सच्चा श्रद्धाञ्जली हुनेछ भन्दै उक्त मन्दिर जनताको साथ र सहयोगमा पुन: निर्माण गरिएको मानिन्छ । यो मन्दिर दोला पर्वत (गिरि) को टुप्पोमा अवस्थित छ । यही पर्वत हाल चाँगु डाँडाको नामबाट परिचित छ । यो मन्दिरमा साउन-भदौको हरिबोधिनी एकादशी, नागपञ्चमी, रामनवमीजस्ता दिनमा विशेष मेला लाग्ने गर्दछ ।

चाँगुनारायण मन्दिर परिसरमा त्रिविक्रम (वामन), नरसिंह, विष्णु विक्रान्त (विश्वरूप), कुर्म (कछुवा) आदि विष्णुका अवतारको रूपमा प्रतिमूर्तिहरू रहेका पाउँछौँ । विष्णुका ती अवतार र रूपहरूमध्ये एक अवतार त्रिविक्रम (वामन) को बारेमा छोटो चर्चा छ । यसमा एउटा गहिरो, पौराणिक सन्देश पाइन्छ - अहङ्कारको अन्त्य र धर्मको विजय ।

चाँगुनारायण मन्दिरको मूल ढोका र पच्छिम ढोका र बाटो भनेको पश्चिम दिशालाई मानिन्छ । यही बाटोबाट मिला पुन्हि, स्वस्थानी व्रत शुभारम्भ पूर्णिमाको दिन यहाँबाट कलश यात्रा गरी काठमाडौँको हनुमानढोकामा प्रसाद चढाउने परम्परा छ । मन्दिरको पश्चिम बाटोबाट आकर्षक खुड्किला ओर्लेपछि एउटा सानो बस्ती वा गाउँ आउँछ । त्यो बस्ती हुँदै पश्चिमतिर प्राकृतिक भ्यु टावरमा पुगिन्छ । त्यहाँबाट मनोहरा खोलाको नागबेली दृश्य र फाँट, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, स्वयम्भू, बौद्ध, गोकर्ण, सुन्दरीजल, साँखु, बज्रयोगिणी आदि हेर्न सकिन्छ । मन्दिरको पश्चिमपट्टिको लामो खुड्किला र गाउँको बिचमा दक्षिणपट्टिको ओरालो लाग्ने बाटोमा एउटा कलात्मक ढोका हेर्न सकिन्छ । त्यस ढोकाको नाम गाम ढोका रहेको छ । गाउँतिर जाने र खाल्डो (ग:) भागमा रहेको हुँदा उक्त ढोकाको नाम गाम ढोका रहन गएको स्थानीय जनता बताउँछन् । यही ढोकाबाट दक्षिणपट्टि तल ओर्लेपछि सल्लाको रमणीय र आनन्दको जङ्गल पुगिन्छ । त्यही जङ्गलको बाटो हुँदै झौखेल, दुवाकोट, भक्तपुर हुँदै काठमाडौँ जाने परम्परा थियो । चाँगुनारायण मन्दिरको पूर्वी ढोका बाहिर एल आकारको लामो पाटी रहेको छ । भीमसेनलगायतका मूर्ति भएको यो पाटीलाई भीमसेन पाटी भनेर स्थानीय बताउँछन् ।

चाँगुनारायण मन्दिर परिसरको अर्को ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वपूर्ण सम्पदा भनेको लोप भएका र हुन लागेका विभिन्न दहहरू हुन् । यो सल्लाको जङ्गल वरपर पहिला शङ्ख दह (नाग दह), साङ दह, वाङ दह, घन्चा दह, फाँ दहलगायतका ९ वटा दहहरू रहेको स्थानीय बताउँछन् । ती लोप भइसकेका दहहरूमध्ये चाँगुनारायण नपाले महत्त्वपूर्ण शङ्ख दह (नाग दह) को पुन: निर्माण गरेको छ । यो दहलाई इन्द्र दहजस्तो इँटाको सट्टा ढुङ्गाले बनाएको भए यसको मौलिकता, महत्त्व र सुन्दरता अझ बढ्ने थियो । यस दहमा मेलामा आउने र साँखुका एकमहिने माधवनारायणका व्रतालुहरूले चाँगुनारायणको दर्शन र पूजा गर्न आउँदा यहाँ स्नान गर्ने परम्परा छ । यस्ता महत्त्वपूर्ण अरु ८ वटा दहहरू पनि चाँगु नपाले पुरातत्त्व विभागसँग समन्वय तथा सहकार्य गरेर उत्खनन गरी पुन: निर्माण गर्नु आवश्यक छ ।

त्यस्तै, चाँगुनारायण मन्दिरको अर्को महत्त्वपूर्ण सम्पदा भनेको नारायण हिटी (धारा) हो । यो मन्दिरको उत्तर-पूर्वपट्टि करिब ३०० मिटर तल जङ्गलको छेउमा अवस्थित छ । यो धारा पश्चिमतिर फर्केको छ । यहाँ दुइटा ढुङ्गेधारा छन् । दुइटा धारामध्ये उत्तरपट्टिको धारामा पानी आउँदैन भने दक्षिणपट्टिको धारामा करिब एक इन्च मूलको पानी आइरहेको छ । मन्दिरको पुजारीले हरेक दिन झिसमिसे उज्यालोमा नै ती धाराको पानी जलको रूपमा चाँगुनारायणको स्नान र नित्य पूजा चलाउँदै आएको स्थानीय जनता बताउँछन् । यस धारासँगै एउटा शिवलिङ्ग पनि रहेको पाइन्छ । यो धारा पर्खालले घेरेर संरक्षण गरेको पाइन्छ । अर्को एउटा धारा दक्षिणतिर फर्केको छ । यसमा पानी आएको छैन । ती धारामा पानी आएको भए सुनमाथि सुगन्ध हुने थियो ।

चाँगुनारायण मन्दिर परिसरमा लोप भएका र बाँकी सम्पदाहरू चाँगु नपाले आफ्नै पौरख र आफ्नै खुट्टामा उभिएर जनताको साथ र सहयोगमा पुन: निर्माण गर्न सके यसले चाँगुनारायण र देशकै गरिमा बढ्नेछ । यसले नेपाली जनताको शिर ठाडो हुनेछ ।









# धुलिखेल-खावा खण्डमा आवागमन रोकेर स्तरोन्नति गरिँदै

काभ्रेपलाञ्चोक, १ चैत । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डमा सवारीसाधानलाई रोक लगाई पक्की बनाउन थालिएको छ । उक्त सडकखण्डको स्तरोन्नतिका लागि यही चैत पहिलो सातादेखि दुई हप्ता बन्द गरी कामलाई तीव्रता दिने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको हो ।

लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको सडक विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि स्तरोन्नतिलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालयले जनाएको छ । उक्त खण्डमा पक्की बनाउन यही चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधान बन्द गरिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुनम योगेशले जानकारी दिनुभयो ।

उक्त अवधिभर टिपरसहित मालवाहक सवारीसाधानलाई पूर्णत: रोक लगाइएको उहाँले बताउनुभयो । उहाँका अनुसार चार किलोमिटर दूरीको उक्त सडकखण्डमध्ये चैत महिनामा दुई दशमलव पाँच किमी र आगामी वैशाखमा बाँकी पक्की गरिसक्ने लक्ष्य लिइएको छ ।

उक्त सडकखण्डमा हाल 'सिसीटिभी' हाल्ने तयारी गरिएको सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताउनुभयो । "त्यसपछि लक्ष्यअनुसार पक्की बनाउँदै लगिनेछ", उहाँले भन्नुभयो । लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको स्तरोन्नतिका लागि नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता गरेपछि विभिन्न स्थानमा कटिङको काम सुरु भइसकेको उहाँले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सिएन एवान काली जेभीसँग भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो । हाल साना संरचना तथा टेवा पर्खाल निर्माण भइरहेको जनाइएको छ । चिसो मौसमका कारण सडकमा सतह (सर्फेस)को काम नभएको भन्दै चिसो कम हुँदै गएपछि पक्की बनाइने योगेशले बताउनुभयो । उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी काम गरिने उहाँको भनाइ छ ।

सात मिटर चौडाइको बन्ने उक्त सडकका विभिन्न खण्डमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने सिनियर डिभिजनल इञ्जिनियर योगेशले जानकारी दिनुभयो । यसैबिच निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको स्थानीय बताउँछन् । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुन: बोलपत्र आह्वान गरेको थियो ।

उक्त सडक नयाँ निर्माण कम्पनीले समयमा सक्नेमा आशावादी भएको योगेशले बताउनुभयो । जिल्ला सदरमुकाम धुलिखेल-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले विसं २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो ।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमा नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबिच यात्रा गर्न बाध्य हुँदै आएका छन् ।

उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ । *(रासस)*

# कामदारवर्गको आकाङ्क्षा पूरा गर्न जनताको प्रजातन्त्र

बुटवल, १ चैत । नेपाल मजदुर किसान पार्टी रूपन्देहीले शनिबार भैरहवामा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को समीक्षा बैठक सम्पन्न गऱ्यो ।

बैठकमा नेमकिपा रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले कामदारवर्गलाई सचेत र सङ्गठित बनाउने पार्टीको नीतिलाई दृढताका साथ लागू गर्नुपर्नेमा जोड दिँदै कामदारवर्गको आकाङ्क्षा पूरा गर्न कामदारवर्गको शासन व्यवस्था जनताको प्रजातन्त्र स्थापना गर्नुपर्छ भन्नुभयो ।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भएको चर्चा गर्दै उहाँले निर्वाचनको परिणामबाट जनताको आलोचनात्मक चेतनास्तर उकास्न थप मेहनत गर्नुपर्ने आवश्यकता देखाएको छ भन्नुभयो ।

उहाँले विगतका शासक दलहरूको अकर्मण्यता देखाएर नेपाली जनतालाई सामाजिक सञ्जालमार्फत सम्मोहित पारेको उल्लेख गर्दै निर्वाचनलाई वैचारिक बहसको थलो बनाउन शासक दलहरू डराएका छन् भन्नुभयो ।

नेमकिपा रूपन्देहीका सचिव एवम् रूपन्देही क्षेत्र नं १ का उम्मेदवार हिमलाल पाण्डेले मतदाताहरूलाई धन्यवाद ज्ञापन व्यक्त गर्दै नेपाली जनताको आशामाथि तुषारापात हुने खतरा छ भन्नुभयो ।

रूपन्देही क्षेत्र नं ३ का उम्मेदवार सुग्रीम चाईले जनताको घरदैलोमा जाँदा नेमकिपाको नीति र नेतृत्वप्रति सद्भाव पाएको बताउनुभयो ।

*देशलाई...*

सङ्कलन गर्ने महत्त्वपूर्ण उत्सव पनि भएको बताउनुभयो ।

विद्यालयका प्राचार्य विकास डंगोलले विद्यार्थीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको विभिन्न ओहोदामा रहेर काम गर्न सफल भएकोमा विद्यालय परिवार गौरवान्वित भएको बताउनुभयो ।

तारकेश्वर नगरपालिकाका विभिन्न संस्थागत तथा सामुदायिक विद्यालयका प्राचार्यहरू, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा सल्लाहकारहरू, साहित्यकार, विद्यालयमा अध्ययनरत विद्यार्थी र अभिभावक, पूर्वविद्यार्थीलगायत विभिन्न व्यक्तित्वहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा विद्यालयमा १० वर्षभन्दा बढी सेवा गरेका शिक्षकहरूलाई दीर्घ सेवा पदकद्वारा सम्मान गरिनुका साथै २०८२ सालको लब्ध्य द्वारा सञ्चालित कक्षा १२ को परीक्षामा सहभागी भई उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा सहभागी अतिथिहरूलाई विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

*पहाडजस्तै...*

केही महत्त्वपूर्ण विदेश भ्रमणहरू गर्नुहुने भएको छ, चीन-अमेरिका सम्बन्ध 'महत्त्वपूर्ण वर्ष' मा प्रवेश गर्नेछ, चीनले एसिया-प्रशान्त आर्थिक सहयोग सङ्गठनको ३३ औं नेताहरूको अनौपचारिक बैठक आयोजना गर्नेछ, दोस्रो चीन-अरब राष्ट्र शिखर सम्मेलनको आयोजना गर्नेछ । चीनको कूटनीतिक क्षेत्रमा हुने 'ठुला कदमहरू' प्रति आशा गर्न योग्य छ । अशान्त विश्वमा, एक स्थिर चीन चिनियाँ जनताको लागि भाग्यशाली छ र विश्वका मानिसहरूको लागि पनि खुसीलाग्दो छ ।


## हार्दिक समवेदना



जन्म
२०४०/०६/१३

निधन
२०८२/११/२३

नेपाल मजदुर किसान पार्टी भनपा-१० वडा समितिका सदस्य माधवप्रसाद सुवालका छोरा **शक्तिप्रसाद सुवाल**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
भनपा-१०, भक्तपुर




## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भनपा-२, ब्यासी, भक्तपुर


## भक्तपुर नगर क्षेत्रका मुख्य बजारका पसलहरूमा नमुनाअनुसारको छत राख्नेसम्बन्धी सूचना

भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको एक मौलिक नगर हो । यहाँका वास्तु संरचनाहरूको विश्वस्तरीय कलाकारिता र सीपको मूल्याङ्कन गर्दै युनेस्कोले सन् १९७९ मा यहाँका सम्पदाहरूलाई विश्व सम्पदामा सूचिकृत गरेको छ । यही सांस्कृतिक वैभवताको आधारमा भक्तपुरमा सांस्कृतिक पर्यटन उद्योगको विकास र प्रवर्द्धन भई स्थानीय नगरवासीहरूको आर्थिक गतिविधि वृद्धि भइरहेको हामी सबैमा विदितै छ । नगरको मौलिक स्वरूपलाई संरक्षण गर्दै भक्तपुरलाई सफा र सुन्दर नगरको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले स्थानीय जनतासँग आवश्यक छलफल गरी प्राप्त राय सुझावको आधारमा गरेको निर्णयानुसार नगरको च्याम्हासिंहदेखि भार्वाचोसम्म र इताछेँदेखि खौमा हुँदै साकोठासम्मको मुख्य बजार क्षेत्रका पसलहरूमा छतहरू एकरूपता आउने गरी नगरपालिकाले तयार गरेको नमुनाअनुसारको बढीमा २ फिट चौडाइको छत सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी राख्नुहुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नमूना (छत) प्रस्तावित पाखाको स्वरुप




नमूना छत



नमूना (छत) पाखा व्यवस्था पछि देखिने बजारको स्वरुप





## भक्तपुर नगरपालिका
## अरनिको सभा भवन निर्माण आयोजना

देकोचा-६, भक्तपुर

## साल काठको कार्य गर्न Online बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८२/१२/०२**

भक्तपुर नगरपालिद्वारा सञ्चालित अरनिको सभाभवन निर्माण आयोजनाबाट चालू आ.व.०८२/८३ का लागि तपसिलमा उल्लेख भएबमोजिमको साल काठका चौकोशहरू बनाउने कार्य गर्न इच्छुक कम्पनीहरूको इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरूले आवश्यक कागजातसहित www.bolpatra.gov.np/egp मार्फत Online Bid Submission गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ । Bid submit गर्न कार्यालयको निम्नानुसारको राजस्व खातामा Bid price दाखिला गरी सोको सक्कल भौचरको Scanned copy समेत अपलोड गर्नुपर्नेछ । यसको लागि Bidder को योग्यता (Qualification criteria) Bid Document मा उल्लेख गरिएको छ ।

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक
**खातावालाको नाम** : भक्तपुर नगरपालिका
**कार्यालय कोड नं.** : ८०१०३३३०२
**धरौटी खाता नं.** : ०१९०३०००००३००००००००३
**राजस्व खाता नं.** : ०१९०३०००००१००१००००००३
**राजस्व शीर्षक नं.** : १४२२९

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|
| १. | Araniko/NCB/Works/02/082/83 | Sal Wood Work for Doors & Windows Frame At Araniko Sabha Building Construction Project at Ward no.6, Dekocha, Bhaktapur | रू.३०००।- | रू.५,००,०००।- |

**प्रिविड मिटिङ हुने मिति/समय** : २०८२/१२/२० गते, दिउँ सो २:०० बजे स्थान : अरनिको सभाभवन निर्माण आयोजनाको कार्यालय
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/०२ गते, दिउँसो १२:०० बजे ।
**बोलपत्र खोलिने मिति/समय** : २०८३/०१/०२ गते, दिउँ सो २:०० बजे ।
**स्थान** : भक्तपुर नगरपालिका कार्यालय, ब्यासी-२,भक्तपुर
**विस्तृत जानकारीको लागि** : कार्यालय (०१-६६२०९३२) वा PPMO (bolpatra.gov.np/egp.)


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा